का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ भदौ २०८३
सोमबार
7 September 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २२८। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

भेटिए शव, मेटिए पहिचान

यस कारण भएन सनाखत

- बाढीको तीव्र बहावमा ढुंगा, हिलो, लेदो र रुखमा ठोक्किँदा शरीरमा रहेका कपडा नरहनु।
- अधिकांश शवको आंशिक अंग मात्रै फेला पर्नु।
- बाढीमा धेरै दिनसम्म डुबेका कारण शव गल्दै जानु र अनुहार नचिनिने अवस्थामा भेटिनु।

१ हजार	४ हजार	
३४२	९९६	९८
शव फेला	सर्म्पकविहीन	सनाखत

स्रोत : प्राधिकरण

१२ वर्षसम्म पनि पहिचान खुलेन भने अस्थायी चिहान स्वतः स्थायी चिहानमा परिणत हुन्छ, तर, डिएनए स्याम्पलसँग मेल खानेगरी आफन्त आएर सनाखत गरेमा जुनसुकै समयमा पनि शवलाई पुनः ट्र्याक गरेर निकाल्न सकिन्छ।

● **प्रा.डा. हरिहर वस्ती**
वरिष्ठ फरेन्सिक विज्ञ

शवलाई पहिचान दिनको लागि सबैभन्दा उत्तम वैज्ञानिक विधि भनेको डिएनए टेस्ट हो, तीन महिनाभित्र सबै नमुनाको परीक्षण र डिएनए म्याचिङ सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

● **शान्ति महत**
प्रवक्ता, प्राधिकरण

सपना बोहरा/मध्यान्ह
काठमाडौं, २१ भदौ

रसुवाको भोटेकोशीमा बाढी आएको १३ दिन बितिसक्दा पनि धेरै परिवार आफ्ना आफन्तको खोजीमा छन्। बाढीले बगाएर विभिन्न जिल्लामा पुऱ्याएका शवमध्ये अधिकांश क्षतविक्षत छन्। कतिपयको शरीरको आंशिक अंग मात्रै फेला परेको छ। अनुहार नचिनिने भएकाले आफन्तले समेत सनाखत गर्न सकेका छैनन्। शव राख्ने पर्याप्त चिस्यानगृह नहुँदा पहिचान नखुलेका शवलाई जमिनमुनि गाडेर सुरक्षित राख्नुपरेको सरकारी दाबी छ।

भदौ १० गते बिहान ८ बजेर ४० मिनेटमा रसुवाको उत्तरी सीमावर्ती क्षेत्र हुँदै भोटेकोशीमा अस्वाभाविक रूपमा बाढी आएको थियो। तिब्बततर्फबाट आएको बाढी भोटेकोशी हुँदै त्रिशूली नदीसम्म पुगेको थियो। बाढीले टिमुरे, रसुवागढी र स्याफ्रुबेसी क्षेत्रमा ठुलो जनधनको क्षति पुऱ्याएको थियो। तल्लो तटीय क्षेत्रका नुवाकोट, धादिङ, गोरखा र चितवनलगायत जिल्ला >>> पृष्ठ २ मा

'शव गाड्नु नष्ट गर्नु होइन'

वरिष्ठ फरेन्सिक विज्ञ प्रा.डा. हरिहर वस्तीका अनुसार मृतकको पहिचान मुख्यतः दुई चरणमा गरिन्छ। प्रारम्भिक पहिचानमा मृतकको शारीरिक आकृति, उसले लगाएको कपडा, गरगहना, शरीरमा खोपिएका ट्याटु, पुराना चोटपटकका खत, अप्रेसनका चिह्न वा अन्य विशेष हुलियाका आधारमा पहिचान गर्ने प्रयास गरिन्छ।

त्यसपछि वैज्ञानिक पहिचान विधि अपनाइन्छ। औंठाछाप सबैभन्दा सामान्य, सजिलो र छिटो उपाय हो। पूर्वअभिलेख सुरक्षित भएमा दाँतको परीक्षण पनि वैज्ञानिक पहिचानको महत्त्वपूर्ण माध्यम हो। यी दुवै सम्भव नभए डिएनए परीक्षण गरिन्छ।

डिएनए परीक्षणका लागि समयमै नमुना संकलन गरी नजिकका >>> पृष्ठ २ मा

१३औं दिनसम्म उद्धार

२१ हजार सुरक्षाकर्मी परिचालित

बाढी आएको १२ दिनसम्म खोज-उद्धार तथा व्यवस्थापन विज्ञसहित तीनैवटा सुरक्षा निकाय बाढीप्रभावित क्षेत्रमा सक्रिय छ। यसको सकारात्मक परिणाम देखिएको छ।

जीवन शर्मा/मध्यान्ह
काठमाडौं २१ भदौ

भोटेकोशी बाढीमा बेपत्ता भएका नागरिकको उद्धार, पुरिएका शवको उत्खनन तथा व्यवस्थापनमा नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीका विभिन्न युनिट फिल्डमै छन्।

बाढी आएको १२ दिनसम्म खोज-उद्धार तथा व्यवस्थापन विज्ञसहित तीनैवटा सुरक्षा निकाय बाढीप्रभावित क्षेत्रमा सक्रिय रहँदा सकारात्मक परिणाम देखिएको छ। तीनवटै सुरक्षा निकायको संयुक्त प्रयासमा बेपत्ता भएको ११औं दिनमा समेत जीवितै उद्धार सफल भयो। उक्त सफलताले उद्धारकर्मीको मनोबल थप बढाएको छ। अझै कतिपय टनेलहरूमा जीवितै उद्धार हुनसक्ने आशा खोज तथा सुरक्षा विज्ञहरूले जगाएका छन्।

नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको टोलीले खोजीकार्य जारी छ। भदौ १० को कहालीलाग्दो विनाशकारी बाढीलगत्तै उच्च सर्तकर्ताकासाथ खोज, उद्धार र व्यवस्थापनमा लागेको सुरक्षा संयन्त्रले सक्रियतामा कमी नआएको दाबी गरेको छ। बरु उद्धारमा खटिनेको संख्या र प्राविधिक एवं विज्ञहरूको टोलीसमेत थप भएको छ। अझै जीवितै उद्धार गर्ने संकल्प बोकेर भग्नावशेष संरचना र हाइड्रो पावरका सुरुङ खन्न क्रियाशील रहेको सुरक्षा अधिकारीहरूको भनाइ छ। खोज, उद्धार तथा राहतका लागि अहिलेसम्म २१ हजार ४१५ जना सुरक्षाकर्मी परिचालित छन्।

रसुवाको टिमुरेदेखि नुवाकोट, धादिङ, चितवन तथा नवलपरासीपूर्वका प्रभावित क्षेत्रसम्म नेपाली सेनाका ९ हजार ३ सय, सशस्त्र प्रहरी बलका ४ हजार २०३ र नेपाल प्रहरीका ७ हजार ९१२ जना खटिएको सम्बन्धित सुरक्षा निकायका अधिकारीहरूले जानकारी दिए। नेपाली सेनाले विभिन्न प्रभावित क्षेत्रबाट स्वदेशी ३ हजार ६९२ र विदेशी २७५ गरी कुल ३ हजार ९६७ को उद्धार गरेको छ। पछिल्लोपटक रसुवागढी जलविद्युत् आयोजनामा खोज तथा उद्धार टोली र आयोजनाका प्रतिनिधिसहितको टोली पावरहाउस तथा कन्ट्रोल प्वाइन्टसम्म पुगेर खोजी कार्यमा जुटेको नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले जानकारी दिए।

उनले भने, 'त्रिशूली-३ ए जलविद्युत् आयोजनाको पावरहाउस तथा सुरुङमा नेपाली सेनाका आठजनाको टोली उद्धार उपकरणसहित खोज तथा उद्धार कार्यमा निरन्तर खटिएको छ।' त्यस्तै त्रिशूली-३ बी अडिट-२ सुरुङबाट एक्साभेटर लैजान सक्ने गरी बाटो बनाउँदै छ। उता, चिलिमे हाइड्रोपावर आयोजनामा स्वदेशी तथा विदेशी सदस्य सम्मिलित संयुक्त टोलीले मिनी एक्साभेटर र मड पम्पको प्रयोग गरी लेदो हटाउँदै पावरहाउसबाट करिब ६०-७० मिटरको दूरीसम्म पुगेको नेपाली सेनाले जनाएको छ। सेनाको अर्को टोलीले स्याफ्रुबेसीमा स्लिङ अपरेसनमार्फत एक्साभेटर झारेर सुरुङभित्र लैजाँदै छ। माथिल्लो त्रिशूली-१ आयोजनामा विदेशी >>> पृष्ठ २ मा

राजाराम बस्नेत
प्रवक्ता, नेपाली सेना

त्रिशूली-३ ए जलविद्युत् आयोजनाको पावरहाउस तथा सुरुङमा नेपाली सेनाको विज्ञसहितको टोली उद्धार उपकरणसहित खोज तथा उद्धार कार्यमा निरन्तर खटिएको छ।

नेत्रबहादुर कार्की
प्रवक्ता, सशस्त्र प्रहरी

भत्किएका संरचनामा बढी केन्द्रित भएर सशस्त्रले काम गर्दै आएको छ। अन्तिम आशा रहुन्जेलसम्म निरन्तर लागिरहन्छौं।

अविनारायण काफ्ले
प्रवक्ता, नेपाल प्रहरी

आफन्त हराएका परिवारबाट आउने सूचनाका आधारमा सम्बन्धित प्रहरी युनिटलाई खोजी तथा उद्धारमा अलर्ट बनाएका छौं।

वैदेशिक रोजगार विशेष

तत्काल राजदूत नियुक्ति गर्न मलेसियाका नेपाली श्रमिकको माग

मध्यान्ह संवाददाता
क्वालालम्पुर, २१ भदौ

मलेसियामा रहेका नेपाली श्रमिक तथा व्यवसायीहरूले नेपाली श्रमिकका समस्या समाधान गर्न र तत्काल राजदूत नियुक्ति गर्न सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद डा. तोसिमा कार्कीको ध्यानाकर्षण गराएका छन्।

एसिया-प्यासिफिक तथा सेन्ट्रल एसियाका ३० देशका सांसद सहभागी एएफपिपिडीअन्तर्गतको सम्मेलनमा भाग लिन आएकी सांसद डा. कार्कीसँग रास्वपाको प्रवास शाखा मलेसियाले अन्तरक्रिया आयोजना गरेको थियो। छलफलमा मलेसियामा सुरक्षागार्डसहित अन्य क्षेत्रमा कार्यरत नेपाली श्रमिकहरूले भोग्दै आएका समस्या, गुनासा, नेपाली दूतावासको भूमिका र लामो समयदेखि राजदूत नियुक्ति नभएको अवस्थामा देखिएका समस्याबारे प्रश्नहरू उठेका थिए।

विशेषगरी मलेसियामा कार्यरत नेपाली सेक्युरिटी गार्डहरूले अत्यधिक समय काम गर्नुपर्ने, तोकिएको तलब नपाउने लगायत लामो समयदेखि भोगिरहेका समस्याबारे डा. कार्कीलाई जानकारी गराइएको बताइएको छ।

छलफलमा सांसद डा. कार्कीले नेपाली श्रमिकका गुनासा र राजदूत नियुक्तिको विषयलाई गम्भीरताका साथ लिएको भन्दै सम्बन्धित निकाय तथा संसद्मा आवाज उठाउने प्रतिबद्धता व्यक्त गरेकी छन्।

मलेसियामा सेक्युरिटी गार्डहरूले तोकिएको न्यूनतम मासिक १७ सय रिंगेट नपाउँदा कम्पनी छाड्ने र 'इलिगल' बन्ने क्रम समस्याका रूपमा देखिएको छ। >>> पृष्ठ २ मा

मिटरब्याज कारोबारको आरोपमा मलेसियामा दुई नेपाली पक्राउ

काठमाडौं/मस– मलेसिया प्रहरीले नेपाली श्रमिकको एटिएम कार्ड कब्जा गरी मिटरब्याजको कारोबार गरेको आरोपमा दुई नेपालीलाई पक्राउ गरेको छ। मलेसियाको सरकारी सञ्चारमाध्यम बर्नामाका अनुसार तेलुक इन्तानमा त्यहाँको प्रहरीले 'भल्चर कोड' नामको अपरेसन सञ्चालन गर्दा रकम सापटी दिएर सम्बन्धित श्रमिकको एटिएम कार्ड कब्जा गरेको आरोपमा दुई जना नेपालीलाई पक्राउ गरेको हो।

हिलिर पेराकका प्रहरी प्रमुख एसिपी चुआ कोक लियानले मे बैंकबाट अरूको एटिएम कार्ड प्रयोग गरी रकम निकाल्दै गरेको अवस्थामा वाणिज्य अपराध अनुसन्धान महाशाखाले उनीहरूलाई पक्राउ गरेको बताए। उनीहरूको साथबाट अन्य >>> पृष्ठ २ मा

'मैले जीवन दिएँ पुस्तकले मदन पुरस्कार दिलायो'

यो पुस्तकका लागि मैले सिंगो जीवन दिएँ। १८ वर्षको उमेरदेखि अहिले ८२ वर्ष हुँदासम्म यसैमा लागेँ। ४० वर्षभन्दा धेरै त यसैमा केन्द्रित रहेँ। नाचहरूबारे प्राप्त तथ्य, पुराना गुरुलाई भेटेर रातभर लेखेर बस्थेँ। कहिलेकाहीँ पुस्तक पूरा हुँदैन कि भनेर निराश पनि हुन्थेँ। तर, हिजोको कुरा आज र भोलिका लागि भनेर हार मानिनँ।

वीणा जोशी | **अन्तर्वार्ता**
मदन पुरस्कार विजेता | पृष्ठ ६ मा

उद्धार र राहतसँगै अब मानसिक उपचार

बाढीले घर र सम्पत्ति मात्रै होइन, मानिसको गाउँ, संस्कृति, सामाजिक सम्बन्ध र पुरानो जीवनशैलीसमेत भत्काएको छ। आमाबाबु वा आफन्त गुमाएका बालबालिकामा डर, चिन्ता र भविष्यप्रतिको त्रास लामो समयसम्म रहन सक्छ।

■ **वासु आचार्य**, मनोविद्

भावना पाठक/मध्यान्ह
काठमाडौं, २१ भदौ

भदौ १० गते बिहान रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले घर, सडक, पुल र बस्ती बगायो। थुप्रै मानिसको ज्यान गयो भने हजारौं परिवार प्रभावित भए। कसैले आफन्त गुमाए, कोही अझै बेपत्ता छन्। कसैको घर छैन, कसैको जीविकोपार्जनको आधार छैन। केही मिनेटमै बर्सौंको मिहिनेत माटोमा मिसियो। कतिपयले आफ्नै आँखाअगाडि घर, पसल, विद्यालय र आफन्तलाई भेलमा बगेको देखे। >>> पृष्ठ २ मा

प्रभावितलाई मनोसामाजिक परामर्श

भोटेकोशी बाढीपछि विस्थापित पीडितहरूको मानसिक स्वास्थ्य र मनोसामाजिक अवस्था सामान्य बनाउन सरकारले तीव्र रूपमा परामर्श सेवा सञ्चालन गरिरहेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत आपत्कालीन तथा विपद् व्यवस्थापन केन्द्रका अनुसार विभिन्न संघसंस्था र चिकित्सकको सहकार्यमा सञ्चालित परामर्श केन्द्रबाट हालसम्म ६ हजार २६८ जनाले मनोसामाजिक सेवा लिएका छन्। तीमध्ये ३ हजार ८१३ जनाले 'साइकोलोजिकल फर्स्ट एड' तथा एमएचपिएसएस सेवा पाएका छन्।

प्रभावित क्षेत्रमा १५० जना विशेषज्ञ जनशक्ति परिचालन गरिएको छ। >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२२ भदौ २०८३ सोमबार
7 September 2026 Monday

कांग्रेस मिलापको संकेत

शेखर-पूर्णलाई वरिष्ठ, अद्यावधिकबाट ब्याक

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २१ भदौ

लामो समयदेखि गिजोलिँदै आएको नेपाली कांग्रेसको आन्तरिक झगडा मेलमिलापउन्मुख भएको छ । शनिबार पार्टी सभापति गगन थापाले विशेष महाधिवेशनमा भाग नलिएका नेताहरू शेखर कोइराला र पूर्णबहादुर खड्कासँग छलफल गरेका थिए । छलफलमा तीनै पक्षका नेता पार्टीलाई एकताबद्ध बनाउने विषयमा सकारात्मक देखिएपछि कांग्रेसभित्र मिलापको संकेत देखिएको हो ।

संस्थापनइतर समूहमा रहेका शीर्ष नेताद्वय शेखर-पूर्णलाई भेटेपछि सभापति थापाले आइतबार पार्टी केन्द्रीय कार्यालय सानेपामा कार्यसम्पादन समितिको बैठक बोलाए । उक्त बैठकले क्रियाशील सदस्यतालाई डिजिटल्ली अद्यावधिक गर्ने विषय अनिवार्य नगर्ने निर्णय गरेको छ । उक्त निर्णयसँगै डिजिटल्ली अद्यावधिक नगरेका, तर १५औं महाधिवेशनका लागि नवीकरण गरेका क्रियाशील सदस्यहरूले महाधिवेशनमा भाग लिन पाउने भएका छन् । कोइराला र खड्काकै आग्रहअनुसार कार्यसम्पादन समितिको बैठकबाट यो निर्णय गरिएको कांग्रेसले जनाएको छ । योसँगै देउवा र कोइराला समूहलाई १५औं महाधिवेशनमा भाग लिनका लागि दबाब बढेको छ । आइतबार बसेको कार्यसम्पादन समितिको बैठकले क्रियाशील सदस्यता नवीकरण गरेका, तर अद्यावधिक हुन बाँकी रहेका सदस्यहरूलाई पनि आगामी महाधिवेशनमा सहभागी गराउने निर्णय गरेको पार्टी प्रवक्ता देवराज चालिसेले बताए ।

पार्टीभित्रका धेरै सदस्यहरूलाई महाधिवेशनको प्रक्रियामा समेट्ने विश्वासका साथ यो निर्णय गरेको उनले बताए । 'पार्टीको अनुशासन उल्लंघन गरेका, पार्टी परित्याग गरेका र निधन भएकाबाहेक नवीकरण गरेका, तर प्राविधिक कारणले अद्यावधिक हुन नसकेका सबै

क्रियाशील सदस्यहरूले १५औं महाधिवेशनको प्रक्रियामा भाग लिन पाउनेछन्,' उनले भने ।

त्यस्तै, कांग्रेसले विशेष महाधिवेशनमा सहभागी नभएका नेता शेखर कोइराला र पूर्व उपसभापति पूर्णबहादुर खड्कालाई वरिष्ठ नेताको जिम्मेवारीमा ल्याउने तयारीसमेत गरेको छ । पार्टीभित्रको विवाद मिलाएर एकताको महाधिवेशन गराउने प्रयासस्वरूप सभापति गगन थापाले अन्तिम कसरतमा लागेको नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले बताए ।

दुई शीर्ष नेताहरूसँग पार्टीको नेतृत्वले एक्लाएक्लै छलफल गरेको हो । छलफलमा दुवै नेताले पार्टीलाई विभाजनबाट रोक्ने प्रयासमा आफूहरू रहेको बताएका थिए । नेता कोइरालाले पार्टीलाई एकताबद्ध बनाएर लैजान जस्तोसुकै त्याग गर्न तयार रहेको बताएको कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले जानकारी दिए ।

नेता कोइरालाले तीन महिनाअघि नै पार्टी एकताका लागि भन्दै पाँचबुँदे प्रस्ताव राखेका थिए । भेटमा कोइरालाले ती प्रस्तावबारे पनि सभापति थापालाई स्मरण गराएका छन् ।

नेता कोइरालाले राखेको पाँचबुँदे प्रस्ताव स्विकार्न संस्थापन पक्ष सकारात्मक देखिएको नेपाली कांग्रेसका नेताहरूले बताएका छन् । कोइरालाले पहिलो बुँदामा १५औं महाधिवेशनका लागि क्रियाशील सदस्यता अद्यावधिकलाई अनिवार्य नगर्ने प्रस्ताव राखेका थिए । दोस्रो बुँदामा १४औं महाधिवेशनपछि नवीकरण भएका सदस्यताकै आधारमा महाधिवेशन गर्नुपर्ने प्रस्ताव थियो । १५औं महाधिवेशनका लागि १० पुस २०८२ सम्म नवीकरण भएका सदस्यलाई स्वीकार गर्नुपर्ने कोइरालाको भनाइ थियो ।

तेस्रो बुँदामा तत्कालीन देउवा नेतृत्वको केन्द्रीय कार्यसमितिमा रहेका, अहिले बाहिर रहेका पदाधिकारी तथा सदस्य र विशेष महाधिवेशनपछि आएको केन्द्रीय कार्यसमितिबीच समायोजन गर्नुपर्ने प्रस्ताव थियो । यसलाई पनि संस्थापन पक्षले त्यतिबेला स्वीकार गरेको थिएन । चौथो बुँदामा सभापतिको बहुमत हुनेगरी केन्द्रीय कार्यसम्पादन समिति गठन गर्ने प्रस्ताव थियो । र, पाँचौं बुँदामा निर्वाचन समिति, क्रियाशील सदस्यता छानबिन समिति, अनुशासन समिति र विधान संशोधन समिति आपसी सहमतिमा गठन गर्नुपर्ने प्रस्ताव थियो ।

कार्यसम्पादन समितिको बैठकले सदस्यता अध्यावधिकलाई अनिवार्य नगर्ने निर्णय गरेसँगै कांग्रेसको समस्या समाधान हुने र १५औं महाधिवेशन एकताको महाधिवेशन हुने नेताहरूले दाबी गरेका छन् । यद्यपि देउवा समूहमा रहेका डा. शशांक कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, एनपी साउन, प्रकाशशरण महत, मीन विश्वकर्मासहितका नेता समानान्तर महाधिवेशनको तयारीमा जुटेका छन् ।

पार्टीमा नेताहरूलाई समेट्ने प्रयासअन्तर्गत कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत तल्ला तहका अधिवेशनको तालिकासमेत संशोधन हुने भएको छ । आन्तरिक एकताको प्रयास र बाढीका कारण आगामी बुधबारदेखि सुरु हुने वडा अधिवेशनको तालिका केही संशोधन हुने महामन्त्री प्रदीप पौडेलले बताए । तर, १६-१९ असोजमा हुने केन्द्रीय महाधिवेशनको मिति भने यथावत् रहने उनले बताए ।

कोइराला र खड्का महाधिवेशनका लागि सकारात्मक देखिए पनि पूर्वसभापति देउवा र उनीनिकट नेताहरू अदालतमा विचाराधीन मुद्दाको किनारा नलागेसम्म महाधिवेशन गर्न नहुने पक्षमा छन् । विशेष महाधिवेशन र त्यसबाट आएको गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई मान्यता दिने वैशाख ४ को सर्वोच्च अदालतको फैसला त्रुटिपूर्ण रहेको भन्दै देउवा र खड्काले सर्वोच्चमा अलग-अलग मितिमा पुनरावलोकनका लागि निवेदन दिएका थिए । त्यसउपर सर्वोच्चले साउन २१ मा पुनरावलोकनका लागि अनुमति दिएको थियो । त्यसलगत्तै महाधिवेशनको कार्यतालिका रोक्न माग गर्दै परेको पूरक रिटमा भने सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेपछि संस्थापन पक्षलाई महाधिवेशन अघि बढाउने बाटो खुलेको छ ।

पूर्णबहादुर खड्का पार्टी एकतामा लचक देखिए पनि देउवानिकटका नेताहरूले भने १४औं महाधिवेशनबाट आएको नेतृत्वले नै १५औं महाधिवेशन गर्न पाउनुपर्ने माग कायमै रहेको बताउँदै आएका छन् ।

बर्दियामा सम्पर्कविहीन ५५ जनाका आफन्तको डिएनए नमुना संकलन

दीपकलाल श्रेष्ठ/मध्यान्ह
बर्दिया, १० भदौ

रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि सम्पर्कविहीन भएका बर्दियाका व्यक्तिहरूको पहिचानका लागि आफन्तहरूको डिएनए परीक्षण गर्न नमुना संकलन गरिएको छ ।

बर्दिया जिल्लाबाट कामका लागि रसुवा गएका मध्ये भदौ २१ गते आइतबारसम्म ७६ जना सम्पर्कविहीन रहेको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ ।

सम्पर्कविहीन व्यक्तिहरूका आफन्तको डिएनए परीक्षणका लागि जिल्ला प्रहरी कार्यालय बर्दियाको सहजीकरण तथा बर्दिया अस्पतालको सहयोगमा आइतबार जिल्ला प्रहरी कार्यालय परिसरमा नमुना संकलन गरिएको प्रहरी नायब उपरीक्षक रेशम बोहराले जानकारी दिएका छन् । सम्पर्कविहीन व्यक्तिहरूको पहिचान गर्न उनीहरूका बुवा, आमा वा छोराछोरीमध्ये एक जनाको डिएनए परीक्षणका लागि

नमुना संकलन गरिएको बोहराले बताएका छन् ।

उनका अनुसार बर्दियाका सम्पर्कविहीन ७६ जनामध्ये ५५ जनाका आफन्तको नमुना बर्दियामै संकलन गरिएको छ। यस्तै, नेपाल प्रहरी अस्पताल काठमाडौंमा १३ जना, बाँकेमा ३ जना, रसुवामा १ जना, चितवनमा १ जना र कैलालीमा १ जनाका आफन्तको डिएनए नमुना संकलन गरिएको उनले बताएका छन् ।

भोटेकोशी नदीमा आएको बाढीपछि सम्पर्कविहीन भएकामध्ये केही व्यक्ति सम्पर्कमा आए पनि आइतबारसम्म बर्दियाका ७६ जना सम्पर्कविहीन रहेको प्रहरीको भनाइ छ ।

बर्दिया क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य श्रीधर पोखरेलले बर्दियालगायत विभिन्न स्थानमा संकलन गरिएका आफन्तको डिएनए नमुनाको रिपोर्टलाई बाढीपछि फेला परेका मृतकका शवबाट संकलित डिएनएसँग मिलान गरी पहिचान गरिने बताएका छन् ।

डिएनए परीक्षणबाट पहिचान हुन नसकेका शवको यकिन पहिचान गर्न सहयोग पुग्ने भएकाले सम्पर्कविहीन व्यक्तिका आफन्तबाट नमुना संकलन गरिएको हो ।

पत्रकार तिमिल्सेनालाई 'इन्टरनेसनल एक्सिलेन्ट अवार्ड २०२६'

काठमाडौं/मस-लेखक, पत्रकार एवम् अधिवक्ता टंक कला तिमिल्सेना जर्नालिस्ट, फ्यक्ट चेकिङ् र सोसल वर्क विधाबाट 'इन्टरनेसनल एक्सिलेन्ट अवार्ड २०२६' जित्न सफल भएकी छन् । अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारसम्बन्धी काम गर्ने अन्तर्राष्ट्रिय संस्था 'ए.बी.एम.' द्वारा प्रदान गरिने यो अवार्ड तिमिल्सेनालाई शनिबार काठमाडौंको राष्ट्रिय नाचघरमा प्रदान गरिएको हो ।

अवार्ड ग्रहण गर्दै उनले आगामी दिनमा पनि अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र कूटनीतिक क्षेत्रमा आफ्नो तर्फबाट सक्दो

प्रयाश गर्ने र नेपालको विकासका लागि सक्रिय रहने बताएकी छन् ।

तिमिल्सेनाले विगतदेखि नै अन्तर्राष्ट्रिय युवाहरूका विभिन्न मञ्चमा प्रभावकारी सहभागिता जनाउदै आएकी छन् ।

नेपाल पत्रकार मञ्चका कार्यसमिति सदस्य समेत रहेकी तिमिल्सेना टुकिखबर डट कमकी प्रधान सम्पादक पनि हुन् । उनले विगत १६ वर्षदेखि नेपालको राष्ट्रिय पत्रकारितामा सक्रिय भूमिका निभाउदै आएकी छन् ।

उनी सूचनाको सत्य जाँच र सामाजिक कार्यमा समेत सक्रिय छन् । सूचनाको सत्य जाँच सम्बन्धी काम गर्ने अन्तर्राष्ट्रिय संस्था ग्लोबल फ्याक्ट चेकिङ् नेटवर्कमा विज्ञका रूपमा समेत रहेकी तिमिल्सेनाले अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिका क्षेत्रमा सञ्चार कार्यमा योगदान गरिरहेकी छन् ।

भेटिए...

पनि प्रभावित भएका छन् । बाढी आएको १३ दिनको पुण्यतिथिमा सरकारले आइतबार राष्ट्रिय शोक दिवस घोषणा गरेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढीका कारण हालसम्म १ हजार ३४२ जनाको शव फेला परिसकेको छ भने ४ हजार ९९६ जना अझै सम्पर्कविहीन छन् । फेला परेका शवमध्ये ९८ जनाको मात्रै सनाखत भई परिवारलाई हस्तान्तरण गरिएको छ । फेला परेका शवमध्ये १ हजार २४४ जनाको पहिचान हुन सकेको छैन । रसुवाबाट बगाएका शव सबैभन्दा धेरै चितवनमा ३६२, नवलपरासीपूर्वमा २३२, नवलपरासी पश्चिममा २१० र नुवाकोटमा १९५ जनाको फेला परेको प्राधिकरणले जनाएको छ । यस्तै, रसुवामा १६३, गोरखामा ७४, धादिङमा ६८ र तनहुँमा ३८ जनाको शव फेला परेको छ ।

किन हुन सकेन पहिचान ?

बाढीको तीव्र बहावमा ढुंगा, हिलो, लेदो र रुखमा ठोक्किँदा शवको अवस्था क्षतविक्षत भएको छ । कतिपय शवमा लगाएका कपडा समेत नरहेकाले प्रारम्भिक पहिचान गर्न कठिन भएको नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्ले बताउँछन् । उनका अनुसार तीन मुख्य कारणले शव पहिचानमा समस्या भएको हो ।

पहिलो, बाढीको तीव्र बहावमा ढुंगा, हिलो, लेदो र रुखमा ठोक्किँदा शरीरमा रहेका कपडा नरहनु । दोस्रो, त्यसैका कारण अधिकांश शवको आंशिक अंग मात्रै फेला पर्नु । तेस्रो, बाढीमा धेरै दिनसम्म डुबेका कारण शव गल्दै जानु र अनुहार नचिनिने अवस्थामा भेटिनु ।

'रसुवा बाढीबाट हराएको मान्छेको शव पूर्वी वा पश्चिम नवलपरासीमा भेटिएको छ । उहाँहरूको परिवारलाई कहाँ फेला पर्छ भन्ने के थाहा हुन सक्छ ?' काफ्ले भन्छन्, 'यस्ता धेरै कारणले शवको पहिचान हुन नसकेको हो ।'

बाढीले शवलाई टाढाटाढासम्म पुऱ्याएकाले खोजी र पहिचान दुवै थप जटिल बनेको छ । प्रहरीले बाढीमा भेटिएका शव र बेपत्ता व्यक्तिका आफन्तबाट डिएनए नमुना संकलन गरिरहेको छ । 'बेपत्ता भएकाहरूका आफन्तले दिएको डिएनए प्रोफाइलिङ हुन्छ । म्याचिङ भएपछि कानुनबमोजिम हस्तान्तरण हुन्छ,' काफ्लेले भने ।

पहिचानको वैज्ञानिक बाटो डिएनए

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता शान्ति महतले पहिचान नभएका शवलाई पहिचान गर्ने सबैभन्दा उत्तम वैज्ञानिक विधि डिएनए परीक्षण भएको बताइन् । 'बाढीमा बेपत्ता भएकाहरूका आफन्तले जिल्ला प्रहरी कार्यालयमार्फत डिएनए टेस्टका लागि नमुना दिन सक्नुहुन्छ,' उनले भनिन्, 'धेरैजसोले डिएनए नमुना दिइसक्नुभएको छ ।'

उनका अनुसार, पहिचान हुन नसकेका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिकाअनुसार शवको व्यवस्थापन भइरहेको छ । व्यवस्थापकीय तथा प्राविधिक रूपमा पहिचान नभएका शव व्यवस्थापन भइरहेको र अस्पतालमा राखिएका सबै शवको परीक्षण भइसकेको उनले बताइन् ।

नेपालका प्रयोगशालाको क्षमताका साथै वैदेशिक सहयोगसमेत परिचालन गरेर कम्तीमा १२ हप्ता अर्थात् तीन महिनाभित्र सबै नमुनाको परीक्षण र डिएनए म्याचिङ सम्पन्न गर्ने लक्ष्य राखिएको महतले बताइन् । शव पहिचानका लागि तस्बिर स्क्रिनमा राखेर आफन्तलाई हेर्ने व्यवस्था पनि मिलाइएको छ । आफन्तले तस्बिर हेरेर शव पहिचान गर्ने प्रयास गरिरहेका छन् । अस्पताल परिसरमा शव पहिचानका लागि सहायता कक्षसमेत राखिएको छ ।

कति बेपत्ता ?

रसुवा जिल्ला प्रशासन कार्यालयको विवरणअनुसार बाढीपछि १ हजार ९६७ जना सम्पर्कविहीन छन् । नुवाकोट जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणमा २ हजार ३४७ जना नेपाली नागरिक, सुरक्षाकर्मी तथा कर्मचारी करिब १०० जना र विदेशी नागरिक करिब ५८९ जना सम्पर्कविहीन छन् । बाढी प्रभावित क्षेत्रबाट हालसम्म १३ हजार ३५१ जनाको सुरक्षित उद्धार गरिएको छ भने ६ हजार ८३ जना घाइतेको उपचार गरिएको प्राधिकरणले जनाएको छ । प्रभावित क्षेत्रका स्थानीयलाई राख्न विभिन्न स्थानमा होल्डिङ सेन्टर स्थापना गरिएको छ, जहाँ हाल ३ हजार ६१२ जना आश्रित छन् ।

बाढीको क्षति

प्राधिकरणले तयार पारेको 'शीघ्र प्रारम्भिक क्षति तथा आवश्यकता आकलन' प्रतिवेदनअनुसार क्षतिग्रस्त घरधुरीका आधारमा ३२ हजार ९३३ नागरिक प्रत्यक्ष रूपमा प्रभावित भएका छन् । यो प्रारम्भिक विवरण भएकाले विस्तृत क्षति आकलन आउन बाँकी रहेको प्राधिकरणले जनाएको छ । बाढीबाट ४८ सरकारी तथा सार्वजनिक संरचनामा क्षति पुगेको छ । तीमध्ये ३५ पूर्ण र १३ आंशिक क्षतिग्रस्त भएका छन् । १८ विद्यालयमा क्षति पुगेकोमा ११ पूर्ण र ७ आंशिक छन्। स्वास्थ्य क्षेत्रका ७ संस्थामा क्षति पुगेको छ ।

भौतिक पूर्वाधारतर्फ ५५ किलोमिटर सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । ३७ मोटरेबल पुल र ६८ झोलुंगे पुलमा क्षति पुगेको छ । कृषितर्फ १ हजार ८०६ हेक्टर कृषियोग्य जमिनमा क्षति पुगेको छ । यसबाट ७ हजार ६८६ मेट्रिक टन खाद्यान्न उत्पादनमा ह्रास आउने आकलन गरिएको छ । प्रभावित पाँचवटै जिल्लामा पशु तथा कुखुरापालन व्यवसायमा समेत ठुलो असर परेको छ ।

ऊर्जा क्षेत्रमा ७८३ मेगावाट विद्युत् उत्पादन प्रभावित भएको छ । १३ जलविद्युत् आयोजना, एउटा सौर्य ऊर्जा आयोजना र दुई प्रसारण लाइनमा क्षति पुगेको छ । प्रभावित क्षेत्रमा १७ बैंकका शाखामा समेत क्षति पुगेको प्राधिकरणले जनाएको छ ।

शव...

आफन्तबाट लिइएको नमुनासँग तुलना गरिन्छ । नमुनाबाट डिएनए प्रोफाइल तयार गरी आफन्तबाट संकलित डिएनएसँग म्याचिङ गरेपछि पहिचान गरिन्छ । पहिचान नभएका शवका लागि अस्थायी चिहान सुरक्षित विकल्प भएको वस्ती बताउँछन् । 'शव गाड्नु नष्ट गर्नु होइन, शव गाड्नु भनेको त्यसलाई नष्ट नगरी भविष्यमा पहिचान गर्न सहज बनाउन सुरक्षित राख्नु हो,' उनले भने ।

उनका अनुसार जमिनमुनि गाडिएको शव १२ वर्षसम्म पनि सुरक्षित रहन सक्छ । 'कोही डिएनएको स्याम्पल लिएर आउँछ भने १२ वर्षसम्म जमिनबाट निकालेर लैजान सकिन्छ,' उनले भने, 'अस्थायी चिहान १२ वर्षसम्म पूर्ण रूपमा सुरक्षित रहन्छ र यसलाई १२ वर्षसम्म चलाउन वा भत्काउन पाइँदैन ।'

शवलाई डेढ मिटरभन्दा बढी गहिराइमा गाडिने भएकाले जंगली वा घरपालुवा जनावरले खोतल्ने वा निकाल्ने सम्भावना पनि नहुने उनले बताए । जमिनमुनि सुरक्षित रूपमा गाडिसकेपछि शव कुहिने वा गनाउनेजस्ता समस्या पनि नहुने उनको भनाइ छ । '१२ वर्षसम्म पनि पहिचान खुलेन भने अस्थायी चिहान स्वतः स्थायी चिहानमा परिणत हुन्छ,' उनले भने, 'तर, यदि पछि डकुमेन्टसँग मेल खानेगरी आफन्त आएर सनाखत गरेमा जुनसुकै समयमा पनि शवलाई पुनः ट्र्याक गरेर निकाल्न सकिन्छ ।'

मृतकका बुवा-आमा वा छोरा-छोरीमध्ये जसले डिएनए परीक्षण गराए पनि पहिचानका लागि प्रयोग गर्न सकिने उनले बताए । चिसो ठाउँमा गाडिएको शव ६ महिनादेखि एक वर्षसम्म पनि पूरै सुरक्षित र दुरुस्त अवस्थामा रहन सक्ने र गर्मी ठाउँमा तीनदेखि चार महिनासम्म जमिनमुनि शव सग्लो अवस्थामा रहने वस्ती बताउँछन् । विपद्को समयमा प्राथमिक उद्देश्य पोस्टमार्टम गर्ने वा मृत्युको कारण पत्ता लगाउनेभन्दा पनि मृतकको पहिचान गर्नु अर्थात् विपद् पीडित पहिचान गर्नु रहेको उनी बताउँछन् ।

१३औं...

प्राविधिकसहितको टोली थर्मल क्यामेराको प्रयोग गरी सुरुङभित्र थप खोजीमा लागेको सेनाका प्रवक्ता बस्नेतले जानकारी दिए । मैलुङदेखि स्याफ्रुबेसीसम्म सेनाले पैदल गस्तीमार्फत खोज तथा उद्धार कार्य जारी राखेको छ । सेनाले त्रिशूली र धुन्चेमा स्थापना गरेका आपत्कालीन उपचार केन्द्र तथा मेडिकल पेट्रोलमार्फत हालसम्म ३ हजार २९८ जनाले स्वास्थ्य सेवा प्राप्त गरेका छन् । त्यस्तै, २० वटा अक्सिजन सिलिन्डर हवाई साधनमार्फत त्रिशूली पुऱ्याएर खोजी कार्यलाई थप व्यवस्थित बनाएको जनाएको छ ।

नेपाल प्रहरीले सम्पर्कविहीनहरूको खोजीका लागि विशेष टोली बनाएर कुकुर र ड्रोनको समेत सहायता लिएको जनाएको छ । नेपाल प्रहरीका प्रवक्ता (डिआइजी) अविनारायण काफ्लेले उद्धार तथा खोज कार्यलाई प्रभावकारी बनाउन आवश्यकताअनुसार विशेष टोली परिचालन गरिएको बताए । उनले मध्यान्हसँग भने, 'आफन्त हराएका परिवारबाट आउने सूचनाका आधारमा सम्बन्धित प्रहरी युनिटलाई खोजी तथा उद्धारमा अलर्ट बनाएका छौं ।'

प्रहरीले डिआइजीको नेतृत्वमा नेपाल प्रहरी विपद् उद्धार तथा समन्वय सूचना व्यवस्थापन केन्द्र स्थापना गरेर २४ घण्टा निगरानी गर्दै आएको छ । 'फिल्डमा प्रहरी मात्रै नभएर नेपाली सेना, सशस्त्र र अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय विज्ञसमेतको सामूहिक प्रयासमा काम भइरहेको छ,' उनले भने ।

प्रहरीमा हालसम्म १ हजार ३५१ पटक आफन्तको खोजी तथा उद्धारका लागि प्रहरीमा अनुरोध आएको छ । मृतक तथा सम्पर्कविहीन विदेशी नागरिकसम्बन्धी सूचना आदानप्रदानका लागि नेपाल प्रहरी प्रधान कार्यालय र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सम्बन्धित संयन्त्र स्थापना गरेर काम गर्दै आएको प्रवक्ता काफ्लेले बताए ।

भोटेकोशी बाढीको घटनामा कतिको मृत्यु भयो, कति घाइते छन् र कति सम्बपर्कबाहिर छन् भन्ने एकीकृत विवरण सरकारी संयन्त्रले अझै संकलन गरिसकेका छैनन् । अनुमानित तथ्यांककै आधारमा सरकारका संयन्त्रले उद्धारपछिको राहत तथा स्वास्थ्य उपचार कार्य गर्दै आएको छ । सशस्त्र प्रहरीले ११औं दिनमा एकजना महिलाको जीवितै उद्धार गरेपछि सुरुङमा बेपत्ता भएकाहरू अझै जीवितै भेटिन सक्ने आशा बाँकी छ । पहिला लाङटाङबाट २ वटा शव निकालेको सशस्त्र प्रहरीको टोली अहिले त्रिशूली ३ए र ३बीमा खटिएको छ । उनीहरू अझै जीवितै मानिस भेटिने सम्भावना रहेको बताउँछन् । केही व्यक्तिको जीवितै उद्धार भएपछि थप आशासहित खोजीकार्यलाई सशक्त बनाएको सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता (डिआइजी) नेत्रबहादुर कार्कीले बताए । 'सडकका टनेलमा १७ देखि ६९ दिनसम्म जीवितै उद्धार गरिएका उदहारण छन्,' सशस्त्र प्रहरीका प्रवक्ता कार्कीले भने, 'सम्भावना त रहन्छ । चिलीमा सडकको टनेलमा भेटिएका मान्छेलाई पाइपबाट खानेकुरा पुऱ्याएर ६९ दिनका दिन जीवितै उद्धार गरेको उदाहरण छ ।' यसबाट पनि सम्भावना रहन्छ भन्ने पक्का गर्न सकिन्छ । त्यसका लागि बाढीले बगाएको टिमुरेदेखि चितवनसम्मकै भग्नावशेष संरचना र टर्नेलहरूमा समेत खोजीकार्य जारी रहेको उनले बताए ।

विपद् व्यवस्थापन, खोज उद्धार र राहतको काम बहुआयामिक विषय भएकाले सबै सरोकारवालाको बराबर सहयोग र सहकार्य आवश्यक पर्ने प्रहरीले बताएको छ । 'सोहीअनुसार तीनै तहको सुरक्षा अंगको सामूहिक प्रयास भइरहेको छ,' कार्कीले भने । सशस्त्र प्रहरीले चितवनदेखि टिमुरेसम्म सातवटा कुकुरसमेत खटाएको छ । ती कुकुरले माटोमुनि १९ वटा शव फेला पारेको प्रवक्ता कार्कीले जनाकारी दिए ।

त्यस्तै, धदिङ चितवन, रसुवा नुवाकोटमा १३ वटा बेसक्याम्प बनाएर १० गतेबाटै सशस्त्र प्रहरी बल, नेपाल बाढी पीडितको खोज-उद्धारमा लागेको कार्कीले दाबी गरे । उक्त टोलीमा संगठनभित्रका विभिन्न विज्ञ छन् । स्वास्थ्य कर्मचारी टोली, मनोसामजिक परामर्शदाता, सुरुङविज्ञ, प्राविधिक, सिएसएसआर, रोप रेस्क्यु टोली, गोताखोर, उच्च बहावबाट उद्धार गर्नेलगायत टोली फिल्डमा परिचालन भएको डिआइजी कार्कीले बताए । त्यस्तै, १२ वटा हेल्थक्याम्प राखेर काम गरिएको छ । विमानस्थलमा ए क्लासको एम्बुलेन्सलाई स्ट्यान्डवाई राखेर काम गरेको प्रवक्ता कार्कीको भनाइ छ । 'पछिल्लोपटक भत्किएका संरचनामा बढी केन्द्रित भएर सशस्त्रले काम गर्दै आएको छ,' कार्कीले भने, 'अन्तिम आशा रहुन्जेलसम्म हामी निरन्तर लागिरहन्छौं ।'

बाढी प्रभावित क्षेत्रमा अहिले सशस्त्र प्रहरी बलका ४ हजार २०३ जनाको टोलीले काम गर्दै आएका छन् । प्रहरी र सशस्त्रसँग आफ्नै हेलिकोप्टर नभएका कारण हेलिकोप्टरबाट उद्धारको गर्ने जिम्मेवारी पनि नेपाली सेनामा निहित छ ।

उद्धार...

भौतिक क्षतिको हिसाब गर्न सकिन्छ, तर मानिसको मनमा परेको क्षतिको हिसाब निकाल्न त्यति सहज छैन । बाढी गएको आज १३ दिन भइसकेको छ । मृत्यु भएकाहरूको पहिचान हुन कठिन छ भने बेपत्ताको खोजी गर्न पनि त्यस्तै समस्या देखिएको छ । बाढी गएको १०औं दिनमा दुईजना र ११औं दिनमा दुईजना गरी चारजनाको जीवित उद्धार भएपछि भने बेपत्ता व्यक्तिहरू भेटिने आशा अझै जीवित छ । तर, लामो समयसम्म आफन्तको अवस्थाबारे जानकारी नहुँदा परिवारजनमा चिन्ता र मानसिक तनाव बढ्दै गएको छ ।

परिवार र आफन्त भेटिने आशामा रहेकाहरू पनि बिस्तारै कमजोर हुँदै गइरहेको उनीहरूको विचारबाट प्रस्ट हुन्छ । आफन्तलाई आँखैअघि गुमाउनुको पीडा त छँदै छ, त्योभन्दा ठुलो मानसिक पीडा बाँचेकाहरूले भोग्नुपरेको छ ।

भोटेकोशी बाढीले नदीतटीय क्षेत्र तहसनहस बनाइरहेका बेला ९७ वर्षीया गुणमाया बोहरा देवीघाटस्थित ज्येष्ठ नागरिक प्रतिष्ठानको वृद्धाश्रमबाट बेपत्ता भएकी थिइन् । नेपाली सेना र नेपाल प्रहरीले उनलाई बेपत्ता भएको केही दिनमा उद्धार गरेको थियो । उमेरले ९७ वर्ष भए पनि उनलाई कुनै स्वास्थ्य समस्या थिएन । तर बाढीले बेपत्ता बनाएपछि भने उनमा मानसिक समस्या देखिएको चिकित्सकहरू बताउँछन् ।

८ वर्षमा विवाह, १६ वर्षमा विधवा भएर एकल जीवन बिताइरहेकी गुणमाया बोहरा ९७ वर्षसम्म तन्दुरुस्त थिइन् तर १० गतेको बाढीले उनलाई मानसिक आघात पुऱ्यायो ।

बाढीपछि विस्थापितलाई राखिएका होल्डिङ सेन्टरबाट सार्वजनिक भएका केही दृश्यमा मानिसहरू आत्तिएको र डराएको देखिन्छ । विशेषगरी बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित देखिएका छन् ।

उद्धारपछि सार्वजनिक भएको एउटा भिडियोमा एक बालकले आफ्नो अभिभावकबिना केही पनि नखाने भन्दै जिद्दी गरेको देखिन्छ । लामो समयसम्म उसले जिद्दी गरेपछि छेउका मानिसहरूले 'ममी बजार जानुभएको छ, अहिले आउनुहुन्छ' भन्दै सम्झाउने प्रयास गरेका थिए ।

बालबालिकाहरू अभिभावकको मामिलामा अत्यन्तै संवेदनशील हुने समाजशास्त्री किरण पन्थी बताउँछिन् । 'केही समय उसलाई फकाउन सकिएला, तर उसले लामो समयसम्म पनि पर्खिरहेको हुन्छ,' उनी भन्छिन्, 'ऊ हुकिँदै जाँदा पनि अरू आफन्त वा परिवार गुमाउने चिन्ता उसको मनमा बसेको हुन्छ, जसले उसलाई गहिरो मानसिक पीडा दिन्छ ।' विपद्का बेला अभिभावकबाट छुट्टिनु, घर तथा परिचित वातावरण गुमाउनु र मृत्यु तथा विनाश देख्नुले बालबालिकामा डर, चिन्ता र असुरक्षाको भावना बढाउने उनको भनाइ छ ।

पाटन मानसिक अस्पतालका वरिष्ठ मनोरोग विशेषज्ञ डा. वासुदेव कार्कीका अनुसार घरबारविहीन हुनु, आफन्त गुमाउनु, घाइते भएर बाँच्नु र फेरि विपद् दोहोरिने डरले मानिसको मानसिक स्वास्थ्यमा असर पार्न सक्छ । कसैमा सामान्य तनाव देखिन सक्छ भने कसैमा गम्भीर मानसिक समस्या पनि उत्पन्न हुनसक्ने उनको भनाइ छ ।

मनोचिकित्सक डा. ईश्वरी खनालले पनि राहत र उद्धारसँगै मनोसामाजिक परामर्श आवश्यक रहेको बताएका छन् । सामान्य समस्या भएकालाई मनोसामाजिक परामर्श र गम्भीर लक्षण देखिएकालाई विशेषज्ञ उपचार आवश्यक हुने उनको भनाइ छ । भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीपछि प्रभावितहरू अहिले तत्काल बाँच्नेमै केन्द्रित रहेको मनोविद् वासु आचार्य बताउँछन् ।

आफन्तको खोजी, परिवारको सुरक्षा र तत्काल आवश्यक पर्ने खाना, पानी तथा बासको व्यवस्थामै ध्यान केन्द्रित भएकाले घर-परिवार गुमाएकाहरू अहिले भविष्यबारे सोच्न वा आफ्ना भावनाबारे कुरा गर्नसमेत नसक्ने अवस्थामा रहेको उनको भनाइ छ । 'बाढीले घर र सम्पत्ति मात्रै होइन, मानिसको गाउँ, संस्कृति, सामाजिक सम्बन्ध र पुरानो जीवनशैलीसमेत भत्काएको छ,' आचार्य भन्छन् ।

आचार्यका अनुसार प्रभावितहरूमा शोकसँगै आफ्नो गाउँ फेरि पहिलेकै अवस्थामा फर्किन्छ कि फर्किँदैन भन्ने अन्योल र चिन्ता देखिएको छ । ' बालबालिका बढी संवेदनशील देखिएका छन् । आमाबाबु वा आफन्त गुमाएका बालबालिकामा डर, चिन्ता, रुवाइ तथा भविष्यप्रतिको चिन्ता देखिन सक्छ,' उनी भन्छन्, 'कतिपयमा घटनाका लागि आफू जिम्मेवार भएको जस्तो दोषबोधसमेत उत्पन्न हुन सक्छ । ज्येष्ठ नागरिक भने आफ्नो पीडालाई भाग्य वा नियतिसँग जोडेर स्वीकार गर्ने प्रयास गरिरहेका छन् ।'

विपद्को मनोवैज्ञानिक असर सबैमा एउटै हुँदैन । भोटेकोशी-त्रिशूली क्षेत्रमा बाढी देखेका बालबालिकामा डर र चिन्ता बढेको विवरण अन्तर्राष्ट्रिय संस्थाहरूले पनि दिएका छन् । केही बालबालिकाले आफ्ना साथीहरू बोकेका विद्यालय बस बगेको, घर डुबेको र आफ्ना सामान तथा परिचित संसार नै पानीले बगाएको देखेका छन् । मनोचिकित्सकहरूका अनुसार प्रभावितहरूलाई पहिले सुरक्षित महसुस गराउने, सुन्ने र आवश्यक परेको अवस्थामा विशेषज्ञ सेवासम्म जोड्नुपर्छ । भोटेकोशी बाढीपछि संघीय सरकार, प्रदेश सरकार, जिल्ला प्रशासन र स्थानीय तह उद्धार, खोज तथा राहतमा केन्द्रित छन् ।

प्रभावितलाई...

२४ घण्टा सञ्चालन हुने हेल्पलाइनमा हालसम्म ८१ वटा परामर्श कल आएको र आवश्यक सहयोग प्रदान गरिएको मन्त्रालयले जनाएको छ ।

होल्डिङ सेन्टरसहित प्रभावित क्षेत्रमा सञ्चालन भइरहेको सेवामा विश्व स्वास्थ्य संगठन, युनिसेफ, टिपिओ नेपाल, सिएमसी नेपाल, नेपाल रेडक्रस सोसाइटी, कोसिस, सिडब्लुआइएनलगायत १४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाले सहकार्य गरिरहेका छन् ।

तत्काल...

नेपाली दूतावासले मागपत्र प्रमाणीकरण गर्नुअघि नेपाली श्रमिकले न्यूनतम तलब बैंक खातामा पाए-नपाएको हेर्ने र नपाएको भए मागपत्र प्रमाणीकरण नगर्ने नीतिलाई कडाइका साथ अघि बढाएको बताएको छ । तर, सेक्युरिटी गार्डहरूले न्यूनतम तलब नपाएको गुनासो गरिरहेका छन् ।

मिटरब्याज...

व्यक्तिका दुईवटा एटिएम कार्ड र ३ सय रिंगेट बरामद भएको मलेसिया प्रहरीले बताएको छ ।

घटनापछि प्रहरीले पक्राउ परेकाहरूको कारोबारस्थलमा अनुसन्धान गर्दा अन्य तीन एटिएम कार्ड, सुनका गहनाका टुक्रा तथा मुद्दासँग जोडिएको विश्वास गरिएका कागजात फेला पारेको बताएको छ । बरामद सामानको मूल्य २ हजार ५० रिंगेट रहेको प्रहरीको भनाइ छ ।

मलेसियामा दण्ड संहिताको धारा ४२० र ४२४ अनुसार मुद्दाको अनुसन्धान भइरहेको भन्दै प्रहरीले आप्रवासी कामदारसहित सबैलाई आफ्नो एटिएम कार्ड पुरस्कार वा प्रलोभनमा परेर अन्य व्यक्तिलाई नदिन आग्रह गरेको छ ।

मलेसियाली प्रहरीले यस घटनामा 'मनी लेन्डर्स एक्ट १९५१' अन्तर्गत पनि अनुसन्धान अगाडि बढाएको बताएको छ ।

कुवेतमा रोजगार

कम्पनी : AL JAZIRAH INDUSTRIAL PROJECTS COMPANYFOR GENERAL TRADING & CONTRACTING — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०५/२१ — चलानी नं.: ६०२६०७४१ — LT. No.: 347534

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner (Indoor)	0	5	सम्बन्धित काममा दक्ष	100	४९,१४७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Driver (Heavy Vehicle)	13	0		150	७३,७२०							
3.	Driver (Light Vehicle)	5	0		135	६६,३४८							
4.	Electrician (General)	5	0		120	५८,९७६							
5.	Forman	5	0		180	८८,४६४							
6.	Heavy Operator	15	0		200	९८,२९४							
7.	Workers/helper/labour	200	0		95	४६,६८९							

कम्पनी : TRU LADIES BEAUTY SALONCOMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०५/२१ — चलानी नं.: ६०२६०७४० — LT. No.: 347632

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Hairdresser	0	2	स. काममा दक्ष	160	७८,६३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २९ गते (14 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले ब्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले ब्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २७५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

Dana Human Resource Nepal Pvt. Ltd.
Govt Lic No. 1692/080/81
Sinamangal, Kathmandu, Tel.: 01-5923344,
Email : info@danane pal.com, Web: www.dananepal.com
Contact No : 9802373747, 9802397164, 9802373753

बाढीप्रभावित क्षेत्रमा संक्रामक रोगको जोखिम

काठमाडौं/मस–भोटेकोशी बाढी प्रभावित क्षेत्रमा संक्रामक रोगको जोखिम बढेको छ । दूषित पानी, फोहर र लामखुट्टेका वृद्धिका कारण विभिन्न रोगको जोखिम उच्च हुने भएकाले सतर्क रहन विज्ञले सुझाव दिएका छन् ।

बाढीको पानी वा बाढीले छोएको पानी पिउनाले झाडापखाला, हैजा लगायतका पानीजन्य रोगको जोखिम बढ्न सक्ने भएकाले विज्ञले सतर्क रहन आग्रह गरेका हुन् । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु काठमाडौंका प्रमुख कन्सलटेन्ट फिजिसियन डा.विमल शर्मा चालिसेका अनुसार विपद्मा एकदमै सचेत हुनुपर्ने अवस्था भनेकै व्यक्तिगत सरसफाइमा ध्यान दिनु हो ।

उनले भने, 'बाढीबाट प्रदूषण फैलिएको हुन्छ । खानेपानी दूषित हुने, खानेकुरामा संक्रमण फैलिने तथा घर बाहिर बस्नुपर्ने अवस्थाका कारण कीटजन्य रोग तथा छालामा संक्रमणको जोखिम हुन सक्छ ।'डा.चालिसे व्यक्तिगत सरसफाइ, खानेपानीको अवस्था, खानाको स्वच्छतामा ध्यान दिनुका साथै शुद्धीकरण गरेको पानी पिउनुपर्ने सुझाव दिनुहुन्छ । यस्तो अवस्थामा दूषित पानी र फोहर खानाका कारण झाडापखाला र हैजा तीव्ररुपमा फैलिन सक्छ । टाइफाइड र हेपाटाइटिस ए तथा ई जस्ता रोगको संक्रमण पनि हुन सक्छ ।

संक्रामक रोग विशेषज्ञ डा.शेरबहादुर पुन विपद्को समयमा कीटजन्यभन्दा पनि सुरुवाती दिनमा पानीजन्य रोगको बढी सम्भावना रहने बताउँछन् । उनका अनुसार मुख्यत: अहिले व्यक्तिगत सरसफाइमा नै ध्यान दिनुपर्ने हुन्छ । उनले भने, 'मुख्य भनेको स्वच्छ खानेपानी र खानेकुरा हो । राम्ररी हात धुने र व्यवस्थित शौचालय प्रयोग गर्दा धेरै रोगबाट बच्न सकिन्छ ।'

डा.पुन यसबाट विशेषत: बालबालिका, वृद्धवृद्धा, गर्भवती तथा दीघरोग भएका बिरामीलाई जोगाउनुपर्ने बताउँछन् । डा.पुनकाअनुसार शवलाई लामो समयसम्म व्यवस्थापन गर्न सकिएन भने त्यसबाट विभिन्न प्रकारका महामारी निम्तिन सक्ने जोखिम रहन्छ । उनी त्यहाँ उत्पन्न हुने प्रदुषित वातावरणले झाडापखाला, हैजालगायतका रोगहरु निम्त्याउन सक्ने बताउँछन् ।

विपद् प्रभावित क्षेत्रमा पुगिरहेका उद्धारकर्ता तथा राहत वितरणमा गएकाहरुले पनि सरसफाइमा ध्यान नदिने हो भने विभिन्न सङ्क्रामक रोग फैलिन सक्ने जोखिम रहेको डा.पुनको भनाइ छ ।

उनले भने, 'प्रभावित क्षेत्रमा धेरै नागरिक पुगिरहेको अवस्था छ । उहाँहरुले पनि मास्क लगाउने, सरसफाइमा ध्यान दिने, शौचालयको उचित प्रयोग गर्ने गर्नुपर्छ । नभए उहाँहरु नै रोग सार्ने माध्यम बन्न सक्नुहुन्छ ।'

यस्तै बाढी प्रभावित जिल्लामध्येको नुवाकोटको विदुर नगरपालिकाका विभिन्न होल्डिङ सेन्टरको खानेपानीको नमुना लिने क्रममा १५ वटा पिउने पानीका नमुनामध्ये पाँचवटामा ईकोलीको संक्रमण भेटिएको छ ।

जनस्वास्थ्य कार्यालय नुवाकोटका सूचना अधिकारी कृष्ण रिजालले विदुर नगरपालिकाको त्रिशूली नदी पारीतर्फको ४ होल्डिङ सेन्टरमा प्रयोग भइरहेको खानेपानीको नमूना लिने क्रममा एउटामा इकोली भेटिएको र त्रिशूली वारितर्फको ११ वटा होल्डिङ सेन्टरमध्ये चार वटा पानीको मुहानमा इकोली पाइएको बताए । उनका अनुसार खानेपानीको ट्यांकर र धाराको पानीमा उक्त जीवाणु भेटिएको हो ।

सूचना अधिकारी रिजालका अनुसार उक्त खानेपानीको स्रोतलाई निर्मलीकरण गरेर खानयोग्य बनाइसकिएको छ र जोखिमको अवस्था छैन । उनले भने, 'दूषित भएको पानीलाई खानयोग्य बनाउन शुद्धीकरण गरिसकिएको छ र सबैलाई पानी शुद्धीकरण गरेर मात्र प्रयोग गर्न सुझाव दिएका छौं ।'

रसुवामा हैजाविरुद्धको २१ हजार डोज खोप पठाइयो

विनाशकारी बाढीपछि हैजाको जोखिम बढेपछि रसुवामा हैजाविरुद्धको २१ हजार डोज खोप पठाइएको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को सहयोगमा प्राप्त खोप नेपाली सेनाको हेलिकप्टरमार्फत आइतबार बिहान रसुवा पठाइएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहताले बाढी प्रभावित क्षेत्रमा हैजा तथा अन्य पानीजन्य रोगको जोखिम न्यूनीकरणका लागि औषधि, खोप, स्वास्थ्य सामग्री र आवश्यक जनस्वास्थ्य सेवा तत्काल उपलब्ध गराउन निर्देशन दिएकी छन् ।

मन्त्रीको निर्देशनअनुसार प्रभावित क्षेत्रमा खोप तथा औषधि पठाउने, रोग निगरानी बढाउने, सुरक्षित खानेपानी र सरसफाइमा विशेष ध्यान दिने तथा आवश्यक स्वास्थ्यकर्मी परिचालन गर्ने काम अघि बढाइएको स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

बाढीका कारण खानेपानीका मुहान तथा वितरण प्रणालीमा क्षति पुगेकाले हैजा र अन्य पानीजन्य रोगको जोखिम बढेको भन्दै प्रभावित क्षेत्रमा रोकथाम, शीघ्र पहिचान र उपचार व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ ।

बाढीप्रभावितप्रति उपत्यकावासीको ऐक्यबद्धता

राहत र पुनर्निर्माणमा राज्यको ध्यानाकर्षण

काठमाडौं/मस–भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीले पुऱ्याएको अकल्पनीय मानवीय र भौतिक क्षतिप्रति काठमाडौं उपत्यकाका नागरिकहरूले दु:ख व्यक्त गर्दै ऐक्यबद्धता जनाएका छन् । नेपाल-चीन सीमा क्षेत्रमा गएको हिमपहिरो र हिमताल विस्फोटपश्चात् भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ र चितवन लगायतका जिल्लाहरूमा पुऱ्याएको अकल्पनीय मानवीय र भौतिक क्षतिप्रति काठमाडौं उपत्यकाका नागरिकहरूले गहिरो दु:ख व्यक्त गर्दै ऐक्यबद्धता जनाएका हुन् ।

उपत्यकाका नागरिकहरूले आइतबार बिहान काठमाडौंमा सामूहिक ऐक्यबद्धता र्‍यालीको आयोजना गर्दै दु:ख व्यक्त गरे । विनाशकारी महाविपद्मा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ताहरूको खोजी कार्यलाई राज्यले उच्च प्राथमिकता दिन माग गरेका छन् । बेपत्ताको खोजीका लागि अधिकतम स्रोत-साधन, जनशक्ति तथा आधुनिक प्राविधिक र वैज्ञानिक विधिको प्रयोग गर्न सरकारसँग आग्रह गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा फेला परेका शवहरूको सनाखतमा जटिलता देखिएको उल्लेख गर्दै नागरिक समूहले सबै शवको सम्मानजनक व्यवस्थापन र वैज्ञानिक अभिलेखीकरण गर्न ध्यानाकर्षण गराएको छ । शवको पहिचानका लागि डीएनए लगायतका जैविक नमुनाहरू सुरक्षित राख्न र परिवारबाट नमुना संकलन गरी समन्वय गर्न राज्यले देखाएको तत्परताको स्मरण गर्दै पहिचानपश्चात् शव हस्तान्तरण प्रक्रियालाई मानवीय संवेदनशीलताका साथ सरल र सहज बनाउन अनुरोध गरिएको छ ।

संकटको यस कठिन समयमा आफ्नो ज्यानको प्रवाह नगरी उद्धार कार्यमा अहोरात्र खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्वास्थ्यकर्मी, स्थानीय उद्धारकर्मी, चालक, प्राविधिक तथा स्वयंसेवकहरूको योगदानको वक्तव्यमार्फत उच्च सम्मान र प्रशंसा गरेका छन् ।

महाविपद् प्रभावित क्षेत्रका नागरिकको पुन:स्थापना र पुनर्निर्माण कार्यलाई दीर्घकालीन राष्ट्रिय प्राथमिकतामा राख्न राज्यसँग माग गरिएको छ । आवास र जीविकोपार्जन गुमाएकाहरूको पुन:स्थापनामा सरकार गम्भीर हुनुपर्नेमा जोड दिँदै क्षतिग्रस्त सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी, विद्युत् र सञ्चार जस्ता आधारभूत पूर्वाधारहरू यथाशक्य छिटो निर्माण गर्न आग्रह गरेका छन् ।

पुनर्निर्माणका क्रममा मानव सुरक्षा, वातावरणीय संवेदनशीलता र भविष्यमा आउन सक्ने विपद् जोखिम न्युनिकरणलाई विशेष ध्यान दिनुपर्ने उल्लेख छ । उपत्यकाका नागरिकहरूले शोकलाई शक्ति र सहयोगमा रूपान्तरण गर्ने संकल्प गर्दै प्रभावित परिवारसँग ऐक्यबद्धता प्रकट गरेका छन् । कठिन परिस्थितिमा एक-अर्कालाई सहयोग गर्नु नै मानवीय धर्म र नेपाली पहिचान भएको उल्लेख गर्दै सुरक्षित नेपाल निर्माणका लागि सामूहिक प्रतिबद्धता व्यक्त गरिएको छ ।

तादीखोलामा एक्रोब्रिज जडान तीव्र

नुवाकोट/मस–नुवाकोटको विदुर नगरपालिका-५ देवीघाट र बेलकोटगढी नगरपालिका-८ जिलिङ जोड्ने गरेर देवीघाटस्थित तादी खोलामा नेपाली सेनामार्फत एक्रोब्रिज जडानलाई तीव्र पारिएको छ । भोटेकोशी नदीको बाढीको बहाव तादीमा पसेर उक्त स्थानका दुई पक्की पुलमा क्षति गराएसँगै नुवाकोटको बेलकोटगढी हुँदै धादिङसँग टुटेको यातायात सम्पर्क जोड्न पुल निर्माण थालिएको हो ।

नेपाली सेनाको श्री १४ नं वाहिनी अड्डाअन्तर्गत रहेको 'ब्रिजिङ युनिट' मार्फत निर्माण भइरहेको पुल पाँच दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य रहेको पुल निर्माणको नेतृत्व गरिरहेका सेनानी चिरिञ्जीवी चौलागाईंले जानकारी दिए ।

उनका अनुसार भोटेकोशी हुँदै आएको बाढीले पुऱ्याएको क्षतिपश्चात् त्रिशूली नदी वारपार गर्न नुवाकोट र रसुवाका सबै पुल बगाएसँगै प्राविधिक अध्ययनपश्चात् पहिलो पुल देवीघाटमा जोड्न थालिएको हो ।

नुवाकोटको पाँच स्थानमा पुल राख्न अध्ययन भएकामा देवीघाट जडानलगत्तै वेत्रावतीमा एक्रोब्रिज पुल जडान गरेर नुवाकोट र रसुवासँगको यातायात सम्पर्क सञ्चालन गरिने योजना रहेको छ ।

'पुल निर्माणका लागि पुरानै जिप प्रयोग गर्न सक्ने अवस्था र धादिङको गल्छी हुँदै नुवाकोटको देवीघाटबाट सदरमुकाम विदुरसँग आउजाउ सञ्चालन गराउन पहिलो प्राथमिकतामा देवीघाटमा पुल निर्माण थालिएको छ,'उनले भने, 'शनिबारदेखि निर्माण सुरु भएको पुल पाँच दिनभित्र सम्पन्न गर्ने लक्ष्यसहित ५५ जनाको टोली चौबिसै घण्टा कार्यक्षेत्रमा खटिएको छ ।' नेपाली सेनासँग धादिङको गजुरीस्थित भैरव गणमा तीन थान मौजुदा राखिएको पुल नुवाकोट र रसुवाको बाढी प्रभावित क्षेत्रमा आउजाउ सञ्चालन गराउन प्रयोग गरिने सेनाले जनाएको छ । सेनासँग ७५ मिटर दूरीका तीन थान पुल मौजुदा राखिएको थियो ।

देवीघाटमा निर्माण थालिएको पुल ५७.५ मिटर लम्बाइ र ५.५ मि चौडाइको छ । बेलीब्रिजभन्दा एक्रोब्रिज गुणस्तरीय र धेरै भारवहन क्षमताको रहने सेनानी चौलागाईंले जानकारी दिए । उनका अनुसार अहिले निर्माण थालिएको पुलले ७० टन भारवहन क्षमता बहन गर्न सक्नेछ ।

'बेलीब्रिजको प्रविधिलाई परिमार्जन गरेर बनाइएको आधुनिक अमेरिकी रूप भएकाले एक्रोब्रिज थप तीन गुणा बढी बलियो र टिकाउ हुनेछ,'उनले भने, 'उच्च गुणस्तरको ग्याल्भानाइज्ड अमेरिकी स्टिल र बलिया स्टिलका डेक प्रयोग गरिएको हुँदा ठूला भारवहन क्षमतासहित चौडा फराकिलो बनाउन सकिने छ ।'

पुल निर्माणका लागि आवश्यक सामग्री गजुरीबाट काठमाडौं हुँदै नुवाकोट ल्याउनुपर्ने बाध्यता भएकाले ढुवानीमा समस्या देखिएको छ । कार्यस्थलमा निर्माण सामग्री आउन र नियमित काम गर्न कुनै अवरोध नभए पाँच दिनभित्र काम सम्पन्न गर्ने लक्ष्य छ । त्यसका लागि नेपाली सेनाको श्री १४ नं वाहिनी अड्डाअन्तर्गत रहेको ब्रिजिङ युनिटबाट सेनानीको नेतृत्वमा ५५ जना प्राविधिक खटिएका छन् ।

बाढीपीडितका लागि हेल्प मधेशी साउदी अरबद्वारा सहयोग

अन्जान गुभाजु/मध्यान्ह
काठमाडौं, २१ भदौ

भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ र चितवनलगायत जिल्लाका नागरिकको राहत तथा पुनर्स्थापनाका लागि हेल्प मधेशी साउदी अरबले ११ लाख ११ हजार १११ रुपैयाँ सहयोग गरेको छ ।

संस्थाका अध्यक्ष श्याम कुमार महतोका अनुसार उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा कनेक्ट आईपीएसमार्फत जम्मा गरिएको हो । बाढी तथा नदी कटानका कारण ठूलो जनधनको क्षति हुनुका साथै धेरै परिवार विस्थापित भएपछि राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले रकम प्रदान गरिएको अध्यक्ष महतोले बताए ।

महतोले विपत्तिको समयमा पीडित नागरिकको साथमा उभिनु मानवीय दायित्व भएको बताउँदै प्रभावित क्षेत्रमा आवश्यकताका आधारमा राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन सरकार, संघसंस्था र सहयोगी मनहरूलाई सहकार्यका लागि आग्रह गरे ।

उनले मातृभूमिमा विपत्ति पर्दा प्रवासमा रहेका नेपालीहरूबीचको दूरीले मानवीय संवेदनालाई टाढा बनाउन नसक्ने भन्दै संकटको समयमा सबै नेपाली एकजुट हुनुपर्नेमा जोड दिए ।

हेल्प मधेशी साउदी अरबले सहयोगलाई आर्थिक योगदान मात्र नभई नेपाली एकता, मानवीय भावना र मातृभूमिप्रतिको जिम्मेवारीको अभिव्यक्ति भएको जनाएको छ । संस्थाले अभियानमा सहयोग गर्ने सदस्य, समाजसेवी, बुद्धिजीवी तथा सम्पूर्ण नेपालीप्रति आभार व्यक्त गरेको छ ।

पछिल्लो समय बाढी तथा प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि साउदी अरबमा सक्रिय विभिन्न नेपाली संघसंस्था, सामाजिक अभियन्ता तथा नेपाली दाजुभाइ-दिदीबहिनीबाट करिब ९० लाख रुपैयाँ बराबरको सहयोग जुटेको स्रोतले जनाएको छ । प्रवासमा रहेका नेपालीहरूको यस्तो सहयोगले विपत्तिको समयमा विदेशमा रहे पनि मातृभूमिप्रतिको जिम्मेवारी र नेपाली एकताको भावना बलियो रहेको देखाएको छ ।

वडा कार्यालयमै भैंसी बाँध्न थालेपछि स्थानीय आक्रोशित

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, २१ भदौ

रौतहटको गढीमाई नगरपालिका-४ स्थित संग्रामपुरमा रहेको वडा कार्यालय भवन र परिसर पछिल्लो समय जनतालाई सहज सेवा प्रवाह गर्ने थलोभन्दा पनि पशुचौपाया बाँध्ने गोठजस्तो देखिन थालेको छ । सर्वसाधारण नागरिकलाई सार्वजनिक तथा प्रशासनिक सेवा प्रदान गर्न निर्मित सरकारी भवनको प्रांगणमै भैंसी बाँध्ने, नुहाउनेसहितका कार्य हुन थालेपछि स्थानीयवासीहरूले जनप्रतिनिधि र प्रशासनिक संयन्त्रप्रति तीव्र रोष प्रकट गरेका छन् ।

स्थानीयका अनुसार सरकारी बजेटबाट वडा कार्यालय परिसरभित्र जनसेवाका लागि जडान गरिएको विद्युतीय वाटर पम्प (मोटर) को चरम दुरुपयोग भइरहेको छ । वडा कार्यालयकै मुख्य प्रवेशद्वार नजिकै नियमित रूपमा भैंसी बाँधेर नुहाउने र व्यक्तिगत प्रयोजनका लागि पानी तानेर प्रयोग गर्ने गरिएको दृश्यले सार्वजनिक सम्पत्तिप्रति निकायको उदासीनता प्रस्ट्याउँछ । सरकारी स्रोत र भौतिक संरचनाको यसरी सर्वसाधारणकै अगाडि खुलेआम निजी उपयोग हुँदा पनि जिम्मेवार निकाय भने मूकदर्शक बनेको आरोप स्थानीयको छ ।

स्थानीय सेवाग्राहीहरूले वडा अध्यक्ष, वडा सदस्यहरू तथा वडा सचिवको चरम लापरवाहीका कारण कार्यालयको मर्यादा र प्रशासनिक वातावरण ध्वस्त भएको बताए । नागरिकहरूले तिरेको कर तथा राज्यको करौडौं बजेट विनियोजन गरी खडा गरिएको सार्वजनिक संरचनालाई कसैको व्यक्तिगत स्वार्थ र प्रयोजनका लागि छाडा छाडिनु राज्यको संयन्त्रमाथिको व्यङ्ग्य भएको उनीहरूको ठम्याइ छ ।

नेपाल सरकार र स्थानीय तहले जनताको दैलोमै छिटो, छरितो र प्रविधियुक्त सेवा पुऱ्याउने उद्देश्यका साथ संरचना निर्माण गरे पनि संग्रामपुरस्थित ४ नम्बर वडा कार्यालयको वर्तमान हविगत भने ठीक उल्टो र निराशाजनक देखिएको छ । सरकारी भवन परिसरभित्र व्याप्त फोहोर र अमर्यादित गतिविधिका कारण कार्यालय पुग्ने सेवाग्राहीहरूले सास्ती व्यहोर्नुपरेको छ ।

जनताको सार्वजनिक आस्थाको केन्द्र मानिने प्रशासनिक निकायको यस्तो दयनीय अवस्था अविलम्ब अन्त्य गरि नुपर्ने माग स्थानीयवासीले गरेका छन् । उनीहरूले वडा कार्यालय परिसरको उचित सरसफाइ र संरक्षण, सरकारी स्रोत-साधनको दुरुपयोग रोक्न कडा कदम तथा सेवाग्राहीमैत्री वातावरण कायम गर्न गढीमाई नगरपालिका र सम्बन्धित उच्च निकायसँग तत्काल प्रभावकारी हस्तक्षेपको माग गरेका छन् ।

चितवनमा फेला परेका ३६२ शवमध्ये ३३३ को व्यवस्थापन

चितवन/मस–रसुवाको भोटेकोशीमा आएको बाढीपछि त्रिशूली र नारायणी नदी किनारबाट चितवनमा फेला परेका शवहरूको व्यवस्थापन, 'डिएनए' नमूना संकलन र पहिचान गर्ने काम भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चन्द्रभूषण यादवका अनुसार हालसम्म चितवनमा ३६२ शव फेला परेका छन् । तीमध्ये ३३३ शवको व्यवस्थापन गरिसकिएको छ भने १४ वटा शवको सनाखत भएपछि आफन्तको जिम्मा लगाइएको छ ।

शवहरूको वैज्ञानिक पहिचानका लागि यही भदौ १६ गतेदेखि डिएनए नमूना संकलन सुरु गरिएको थियो । यादवका अनुसार भदौ २० गतेसम्म हराइरहेका व्यक्तिका आफन्त ६८ जनाको डिएनए नमूना संकलन गरिएको छ ।

उनका अनुसार भदौ १६ गते सात जना पुरुषको नमूना संकलन गरिएको थियो । भदौ १७ गते २६ जनाको नमूना संकलन गरिएकोमा दुई महिला, २२ पुरुष र दुई पुरुष भारतीय नागरिक रहेका छन् । भदौ १८ गते २२ जनाको नमूना संकलन गरिएकामा चार महिला, १४ पुरुष, एक बालक र तीन भारतीय पुरुष नागरिक छन् ।

यस्तै, भदौ १९ गते सात जनाको नमूना संकलन गरिएकामा एक महिला, चार पुरुष, एक बालक र एक भारतीय पुरुष नागरिक रहेका छन् । भदौ २० गते छ जनाको नमूना सङ्कलन गरिएकामा दुई महिला, एक पुरुष र तीन बालक रहेका छन् ।

प्रहरी नायब उपरीक्षक यादवका अनुसार हाल पनि खोजी, शवहरूको पहिचानका लागि आफन्तको डिएनए परीक्षण, हराइरहेका व्यक्तिको विवरण संकलन र अन्य समन्वयात्मक प्रक्रिया निरन्तर छ ।

चुमनुब्रीस्थित थेराङखोलाको बाढीले चार घर र पुलमा क्षति

गोरखा/मस–गोरखाको हिमाली भेगस्थित चुमनुब्री गाउँपालिका-४ र २ भएर बग्ने थेराङ खोलाको बाढीले चार घर र एक पुल बगाएको छ । आइतबार आएको बाढीले चुमनुब्री ४ स्थित नामुडकानुर्वु ओङ्ग्याल (नुर्वु छिरिङ), उर्गेन छयोदेन, लाक्पा भुटी र दोर्जे ग्याल्जेनको घर बगाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बाढीबाट मानवीय क्षति भने नभएको कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिए ।



बाढी आएको बारे थाहा पाएर स्थानीयवासी भागेर ज्यान जोगाएका उनले बताए । बाढीले सोही ठाउँको झोलुङ्गे पुल पनि बगाएको कार्यालयले जनाएको छ ।

पुल बाढीले लगेपछि मनास्लु पदयात्रामा गएका पर्यटकहरू समस्यामा पर्ने जनाइएको छ । चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले अल्पकालीन रूपमा हिँड्न मिल्ने गरी स्थानीयले केही उपाय गर्न सक्ने बताए । खोलाको मुहानी भेगतिर केही बेर थुनिएर लेदोसहित आएको बाढीले क्षति पुऱ्याएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिए ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

शोकसँगै पुनर्स्थापनाको जिम्मेवारी

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीको १३ दिन बितिसक्दा पनि धेरै परिवार आफ्ना आफन्तको खोजीमा छन् । बाढीमा १ हजार ३४२ जनाको शव भेटिएको छ । तीमध्ये ९८ जनाको मात्र पहिचान भएको छ भने १ हजार २४४ शव अझै पहिचान हुन बाँकी छन् । ४ हजार ९९६ जना सर्म्पकविहीन रहेको तथ्यांकले विपत्तिको गम्भीरता देखाउँछ । यस्तो अवस्थामा सरकारले राष्ट्रिय शोक दिवस मनाइरहँदा विपत्तिमा ज्यान गुमाएकाको सम्मानसँगै बेपत्ताको खोजी र शवको पहिचानलाई पनि उच्च प्राथमिकता दिनुपर्छ ।

परिवारका लागि आफन्तको मृत्युको खबरभन्दा पनि पहिचान नहुनु सबैभन्दा ठुलो पीडा हो । त्यसैले वैज्ञानिक विधिबाट पहिचानको कामलाई तीव्र बनाउनुपर्छ । डिएनए परीक्षणलाई मुख्य आधार बनाएर सरकारले तीन महिनाभित्र सबै नमुना परीक्षण र मिलान गर्ने लक्ष्य लिएको छ । यो काम समयमै पूरा हुनुपर्छ । पहिचान हुन नसकेका शवलाई सुरक्षित रूपमा अस्थायी रूपमा गाड्ने निर्णय पनि यही उद्देश्यसँग जोडिनुपर्छ । शव गाड्नु खोजी र पहिचानको अन्त्य होइन । पछि प्रमाण वा डिएनए मिलान भएमा आवश्यक प्रक्रिया पूरा गरेर पहिचान गर्न सकिने व्यवस्था हुनुपर्छ ।

तर, अहिलेको प्राथमिकता उद्धार र राहतमा मात्र सीमित हुनुहुँदैन । बाढीले हजारौं परिवारको घरबास खोसेको छ । ३२ हजार ९३३ नागरिक प्रत्यक्ष प्रभावित भएका छन् । सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था, विद्युत् आयोजना र खेतीयोग्य जमिनमा ठुलो क्षति पुगेको छ । यसको अर्थ प्रभावित परिवारलाई केही दिनको राहत दिएर राज्यको जिम्मेवारी पूरा हुँदैन ।

सरकारले अब पुनर्स्थापनाको स्पष्ट योजना सार्वजनिक गर्नुपर्छ । घर पूर्ण रूपमा क्षति भएका परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था गर्नुपर्छ । जोखिमयुक्त ठाउँमा रहेका बस्तीलाई पुनः त्यही ठाउँमा फर्काउनेभन्दा सुरक्षित स्थान पहिचान गरेर दीर्घकालीन पुनर्स्थापनाको योजना बनाउनुपर्छ । घरसँगै खानेपानी, विद्यालय, स्वास्थ्य सेवा, सडक र सञ्चारको व्यवस्था पनि सुनिश्चित गर्नुपर्छ । त्यसैगरी खेती गुमाएका किसान, रोजगारी गुमाएका मजदुर र साना व्यवसायीको जीविकोपार्जन पुनर्स्थापित गर्ने कार्यक्रम आवश्यक छ । राहतले तत्कालको आवश्यकता धान्छ, तर जीविकोपार्जनको आधार नफर्काएसम्म प्रभावित परिवार सामान्य जीवनमा फर्कन सक्दैनन ।

राष्ट्रिय शोक दिवस मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्ने दिन मात्र होइन, राज्यले आफ्नो जिम्मेवारी सम्झने दिन पनि हो । उद्धार सकिएपछि राहत रोकिनुहुँदैन । राहतपछि पुनर्स्थापना र पुनर्निर्माण सुरू हुनुपर्छ । विपत्तिमा ज्यान गुमाएकालाई फर्काउन सकिँदैन । तर बेपत्ताको खोजी, मृतकको पहिचान, पीडितको घरबास र प्रभावितको जीविकोपार्जन फर्काउने जिम्मेवारी राज्यको हो । यही जिम्मेवारी पूरा गर्न सरकार अब उद्धार र राहतसँगै दीर्घकालीन पुनर्स्थापनामा केन्द्रित हुनुपर्छ ।

विपत्तिमा सरकारको भूमिका

प्राकृतिक विपत्ति स्वतः रोक्न नसकिए पनि पूर्वतयारी, उद्धार र पुनर्निर्माण राज्यको संवेदनशीलतामा निर्भर हुन्छ । भोटेकोशीको बाढीले सरकारको उद्धार क्षमता देखाए पनि पूर्वसूचना र सुरक्षित पूर्वाधारको अभाव उजागर गरेको छ । जर्मनी, पाकिस्तान र जापानका अनुभवबाट सिक्दै राहतलाई दीर्घकालीन पुनर्स्थापना र सुरक्षित पुनर्निर्माणसँग जोड्नु नै विपद्मा राज्यको वास्तविक उत्तरदायित्व र सफलताको कसी हो ।

अग्रलेख

● श्यामप्रसाद मैनाली

प्राकृतिक विपत्ति मानिसले चाहेर रोक्न सक्ने घटना होइन । तर विपत्ति आउनुअघि त्यसको पूर्वानुमान, जोखिम न्यूनीकरण र पूर्वतयारी तथा विपत्ति आइसकेपछि गरिने उद्धार, राहत र पुनर्स्थापनाको प्रभावकारिता भने राज्यको क्षमता, तयारी र संवेदनशीलतामा निर्भर गर्छ । बाढी, पहिरो, हिमपहिरो, हिमताल विस्फोट वा अतिवृष्टि नेपालका लागि नयाँ समस्या होइनन् । तर जलवायु परिवर्तन, हिमाली क्षेत्रमा बढ्दो तापक्रम, अनियन्त्रित भौतिक निर्माण र कमजोर पूर्वाधारका कारण यस्ता विपत्तिको स्वरूप र विनाशकारी क्षमता दिनप्रतिदिन बढिरहेको छ ।

भोटेकोशी क्षेत्रमा हालै आएको विनाशकारी बाढीले यही वास्तविकतालाई फेरि एकपटक हाम्रो सामुन्ने ल्याएको छ । हिमाली क्षेत्रबाट अचानक आएको बाढीले रसुवा, नुवाकोटलगायत क्षेत्रमा ठुलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको छ । बस्ती, सडक, पुल, जलविद्युत् आयोजना, व्यापारिक पूर्वाधार र सञ्चार संरचनामा गम्भीर असर परेको छ । विपत्तिको प्रारम्भिक क्षणमै ठुलो संख्यामा सुरक्षाकर्मी परिचालन, खोज तथा उद्धार, हेलिकोप्टरबाट उद्धार र राहत सामग्री पुऱ्याउने, घाइतेको उपचार तथा प्रभावितलाई सुरक्षित स्थानमा सार्ने काम अघि बढाइएको छ । सरकारले उद्धार तथा राहतका लागि विशेष टोली गठन गरेको र समन्वयका लागि सम्पर्क व्यक्ति तोकेको विवरण पनि सार्वजनिक भएको छ ।

यस विपत्तिको वास्तविक मूल्यांकन अझै पूरा भइसकेको छैन । कतिपय स्थानमा सडक तथा पुल भत्किएका कारण उद्धार टोली पुग्न कठिन भएको छ । जलविद्युत् आयोजनाका सुरुङ तथा संरचनामा मानिस फसेको अवस्था रहेकाले खोज तथा उद्धारका लागि नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीसहित ठुलो संख्यामा जनशक्ति परिचालन गरिएको छ । प्राविधिक सहयोगका लागि छिमेकी मुलुकहरूबाट समेत विशेषज्ञ टोलीको उपयोग भइरहेको छ ।

यस्तो अवस्थामा सरकारको पहिलो दायित्व नागरिकको जीवन रक्षा गर्नु हो । त्यसपछि घाइतेको उपचार, खाद्यान्न, पानी, औषधि र अस्थायी आवासको व्यवस्था, बेपत्ताको खोजी, मृतकको पहिचान तथा परिवारलाई राहत र अन्ततः क्षतिग्रस्त पूर्वाधार तथा जनजीवनको पुनर्स्थापना गर्नुपर्ने हुन्छ । अर्थात् विपद् व्यवस्थापनलाई केवल 'उद्धार'मा सीमित गरेर पुग्दैन, यसलाई उद्धार, राहत, पुनर्स्थापना र दीर्घकालीन पुनर्निर्माणको समग्र चक्रका रूपमा हेर्नुपर्छ ।

अन्तर्राष्ट्रिय अनुभवबाट सिक्नुपर्ने पाठ

विश्वका विभिन्न मुलुकले ठुला बाढी र प्राकृतिक विपत्तिको सामना गरेका छन् । उनीहरूको अनुभव नेपालका लागि उपयोगी पाठ बन्न सक्छ । जर्मनी (सन् २०२१) : आहर उपत्यकामा आएको विनाशकारी बाढीमा १८० भन्दा बढी मानिसको मृत्यु भयो । तत्कालीन उद्धारपछि जर्मन सरकारले आपत्कालीन राहतसँगै दीर्घकालीन पुनर्निर्माणका लागि ३० अर्ब युरोसम्मको राष्ट्रिय कोष स्थापना गऱ्यो । यसमा निजी घर, व्यवसाय, सार्वजनिक संरचना र पूर्वाधार पुनर्निर्माण समेटिएको थियो । जर्मनीको अर्को महत्त्वपूर्ण पाठ भनेको विपत्तिपछि पूर्वाधार बनाउँदा पहिले जस्तो थियो त्यस्तै बनाउने होइन, भविष्यमा त्यस्तै विपत्ति दोहोरिँदा क्षति कम हुने गरी अझ सुरक्षित बनाउनु हो । साथै, सूचना प्रणाली सुधारका लागि साइरन र मोबाइल चेतावनी प्रणालीमा ८८ मिलियन युरो लगानी गरियो ।

पाकिस्तान (सन् २०२२) : अत्यधिक मनसुनी वर्षा र बाढीले ३ करोड ३० लाख मानिस प्रभावित भए र १,७३० भन्दा बढीको ज्यान गयो । पाकिस्तानको अनुभवको विशेष पक्ष राहतलाई पुनर्स्थापनासँग जोड्नु थियो । प्रभावित परिवारलाई नगद सहयोग, स्वास्थ्य सेवा, आवास, कृषि तथा जीविकोपार्जन पुनर्स्थापना र पूर्वाधार पुनर्निर्माणलाई एउटै दीर्घकालीन योजनाभित्र राखियो । यसबाट नेपालले सिक्ने पाठ स्पष्ट छ- पीडितलाई राहतको पोका मात्र दिएर पुग्दैन, आफ्नो जीवन पुनर्निर्माण गर्ने अवसर र साधन पनि दिनुपर्छ ।

जापान (सन् २०११) : महाभूकम्प, सुनामी र आणविक दुर्घटनाको संयुक्त विपत्तिपछि जापानले पुनर्निर्माणलाई समन्वय गर्न छुट्टै अधिकारसम्पन्न 'पुनर्निर्माण निकाय' स्थापना गऱ्यो । यसले केन्द्र सरकार, स्थानीय तह र विभिन्न सरकारी निकायबीच पुनर्निर्माणका लागि उच्चस्तरीय नियन्त्रण र समन्वयको काम गऱ्यो । नेपालमा पनि ठुलो विपत्तिपछि यस्तै स्पष्ट जिम्मेवारी, एकीकृत नेतृत्व र उत्तरदायित्वको संयन्त्र आवश्यक देखिन्छ ।

सरकारका सबल र दुर्बल पक्ष

भोटेकोशीको विपत्तिमा सरकारका केही सकारात्मक पक्षलाई निष्पक्ष रूपमा स्वीकार गर्नुपर्छ । सुरक्षाकर्मीको तत्काल परिचालन सरकारको महत्त्वपूर्ण सबल पक्ष हो । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी उद्धारका मुख्य आधार बनेका छन् । दुर्गम भूगोल, भत्किएका सडक र जोखिमपूर्ण परिस्थितिका बीच उनीहरूले खेलेको भूमिका प्रशंसनीय छ ।

सडक सम्पर्क टुटेका ठाउँमा हवाई उद्धार र खाद्यान्न ढुवानी प्रभावकारी देखिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विशेष टोली परिचालन गरेर कामलाई संस्थागत ढंगले अघि बढाउने प्रयास गरेको छ । घाइतेको निःशुल्क उपचार र राहत उपलब्ध गराउने निर्णय तथा भारत र चीनबाट प्राविधिक एवं उद्धार सहयोग लिनु व्यावहारिक आवश्यकता र सकारात्मक कदम हो ।

सरकारका सकारात्मक कामको प्रशंसा गरिरहँदा कमजोरीमाथि प्रश्न उठाउनु पनि नागरिकको अधिकार हो । मुख्य कमजोरी पूर्वतयारी र पूर्वसूचना प्रणालीको प्रभावकारितामा देखियो । हिमाली क्षेत्रमा हिमताल र बाढीको जोखिमबारे अध्ययन भए पनि त्यसलाई जनस्तरसम्म प्रभावकारी चेतावनी प्रणालीमा रूपान्तरण गर्न अझै धेरै काम बाँकी छ ।

दोस्रो, नदीको प्राकृतिक बहाव क्षेत्र, पहिरोको जोखिम र हिमाली भूगोललाई पर्याप्त ध्यान नदिई सडक, पुल र बस्ती निर्माण गर्दा विपत्तिको क्षति बढेको छ । तेस्रो, बेपत्ता मानिसको यकिन विवरण, क्षतिको वैज्ञानिक मूल्यांकन तथा प्रभावित परिवारको वास्तविक अभिलेख एकीकृत डिजिटल प्रणालीमा राख्न नसक्दा राहत वितरणमा द्विविधा उत्पन्न हुन्छ । साथै, दुर्गम क्षेत्रका बालबालिका, महिला, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिसम्म राहत पुऱ्याउन विशेष प्राथमिकता आवश्यक छ । विपत्तिपछि सुरुमा देखिने उत्साह केही महिनापछि सेलाउने र पुनर्निर्माणको गति सुस्त हुने हाम्रो पुरानो समस्या दोहोरिन दिनुहुँदैन ।

राहतबाट पुनर्स्थापनातर्फ

भोटेकोशीको घटना केवल तत्कालीन उद्धारको विषय होइन । अब सरकारले कम्तीमा चार तहमा काम गर्नुपर्छ ।

पहिलो चरण (तत्काल) : बेपत्ताको खोजी, घाइतेको उपचार, मृतकको पहिचान, खाद्यान्न, स्वच्छ पानी, औषधि, अस्थायी आवास र मनोसामाजिक सहयोग ।

दोस्रो चरण (जीविकोपार्जन) : घर मात्र बनाइदिएर पुग्दैन, व्यापार, कृषि, पशुपालन, पर्यटन र साना व्यवसाय पुनर्सञ्चालन गर्न आर्थिक र प्राविधिक सहयोग ।

तेस्रो चरण (सुरक्षित पुनर्निर्माण) : सडक, पुल, विद्युत्, सञ्चार, विद्यालय र स्वास्थ्य संस्था पुनर्निर्माण गर्दा भविष्यको जोखिम सहनसक्ने गरी निर्माण ।

चौथो चरण (दीर्घकालीन निगरानी) : हिमताल तथा हिमपहिरोको वैज्ञानिक निगरानी, नदी बहावको नियमित अध्ययन, स्वचालित चेतावनी प्रणाली र स्थानीय समुदायलाई नियमित तालिम । नेपालको संविधानले पनि प्राकृतिक विपत्तिको जोखिम न्यूनीकरणका लागि पूर्वसूचना, पूर्वतयारी, उद्धार, राहत र पुनर्स्थापनासम्बन्धी राज्य नीतिको व्यवस्था गरेको छ । त्यसैले विपद् व्यवस्थापन सरकारको वैकल्पिक काम होइन, संवैधानिक तथा राज्यको मूल जिम्मेवारी हो ।

अन्त्यमा, विपत्ति सरकारको लोकप्रियता परीक्षण गर्ने अवसर होइन, तर राज्यको क्षमता, संवेदनशीलता र संस्थागत तयारीको परीक्षा भने अवश्य हो । भोटेकोशीको विपत्तिमा सरकारले उद्धार र राहतको काम अघि बढाएको छ । तर सरकारको वास्तविक परीक्षा उद्धार सकिएपछि सुरु हुन्छ ।

पीडितको आँसु पुछ्ने काम राहतको एउटा पोका दिएर समाप्त हुँदैन । घर गुमाएकालाई सुरक्षित घर, रोजगारी गुमाएकालाई जीविकाको आधार, विद्यालय गुमाएका बालबालिकालाई शिक्षा र भविष्यमा त्यही विपत्ति दोहोरिँदा कम क्षति हुने सुरक्षित पूर्वाधार दिन सक्नु नै वास्तविक पुनर्स्थापना हो । जर्मनीले ३० अर्ब युरोको कोष बनाएर दीर्घकालीन सोच देखायो, पाकिस्तानले क्षति मूल्यांकन गरी सबल पुनरुत्थान गऱ्यो, र जापानले छुट्टै संयन्त्र बनाएर समन्वय गऱ्यो । नेपालले पनि अब यही दिशामा अघि बढ्नुपर्छ ।

भोटेकोशीलाई केवल एउटा प्राकृतिक विपत्तिका रूपमा हेरेर केही समयपछि बिर्सने हो भने हामीले इतिहासबाट केही सिकेनौं भन्ने हुनेछ । तर यस घटनालाई राष्ट्रिय चेतना जगाउने, पूर्वसूचना प्रणाली बलियो बनाउने र पीडितको जीवनलाई पुनः सामान्य बनाउने अवसरका रूपमा उपयोग गर्न सक्यौं भने यो भविष्यका लागि महत्त्वपूर्ण पाठ बन्नेछ ।

अन्ततः सरकारको सफलता कति हेलिकोप्टर उडे वा कति राहतका बोरा बाँडिए भन्ने संख्याले मात्र मापन हुँदैन । कति नागरिकको जीवन बच्यो, कति परिवारलाई पुनः आफ्नो खुट्टामा उभ्याउन सकियो र भविष्यको विपत्तिबाट कति जोखिम घटाइयो भन्नेबाट मूल्यांकन हुन्छ । उद्धारमा तीव्रता, राहतमा निष्पक्षता, पुनर्स्थापनामा संवेदनशीलता र दूरदृष्टि नै अहिलेको प्राथमिकता हो । भोटेकोशीको यो कठोर सन्देशलाई सरकारले सुरक्षित नेपाल निर्माणको राष्ट्रिय अभियानका रूपमा रूपान्तरण गर्न सक्नुपर्छ । त्यही नै विपत्तिमा राज्यको वास्तविक उत्तरदायित्व र सफलताको परिचायक हुनेछ ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन् ।)

विपद् र महामारीमा दक्ष प्राविधिक

विपद्

● रामप्रसाद पौडेल

विपद् र महामारीको क्षति रोक्न उद्धार र राहत मात्र पर्याप्त हुँदैन । पूर्वसूचना, वैज्ञानिक अध्ययन र जोखिम न्यूनीकरणका लागि दक्ष प्राविधिक जनशक्ति अपरिहार्य हुन्छ । नेपालमा भौतिक पूर्वाधारसँगै प्रदेश र स्थानीय तहसम्म बहुविषयगत दक्ष मानव पूर्वाधार तयार गरी विकास योजनामै विपद् व्यवस्थापनलाई एकीकृत गर्नु आजको प्रमुख राष्ट्रिय आवश्यकता हो ।

नेपाल प्राकृतिक विपद्को उच्च जोखिममा रहेको मुलुक हो । भूकम्प, बाढी, पहिरो, डुबान, चट्याङ, आगलागी, वनडढेलो, हिमपहिरो तथा विभिन्न प्रकारका महामारीले नेपाली जनजीवनलाई पटक-पटक प्रभावित पार्दै आएका छन् । पछिल्ला वर्षमा जलवायु परिवर्तन, अव्यवस्थित सहरीकरण, जोखिमयुक्त बस्ती विकास र कमजोर पूर्वाधारका कारण विपद्को स्वरूप अझ जटिल बन्दै गएको छ । यस्तो अवस्थामा विपद् आएपछि राहत र उद्धार गर्ने जनशक्ति मात्र होइन, विपद् आउनुअघि नै जोखिम पहिचान, पूर्वसूचना र न्यूनीकरण गर्न सक्ने दक्ष प्राविधिक जनशक्ति देशको अपरिहार्य आवश्यकता बनेको छ ।

नेपालले २०७२ सालको विनाशकारी भूकम्पबाट ठुलो पाठ सिकेको छ । भूकम्पले जनधनको ठुलो क्षति गर्नुका साथै विद्यालय, स्वास्थ्य संस्था, सडक, पुल, खानेपानी तथा सांस्कृतिक सम्पदामा समेत गम्भीर असर पुऱ्यायो । उद्धारदेखि उपचार, क्षति मूल्यांकनदेखि पुनर्निर्माणसम्म विभिन्न क्षेत्रका प्राविधिक जनशक्तिको भूमिका महत्त्वपूर्ण रह्यो । त्यस घटनाले विपद् व्यवस्थापनमा पूर्वतयारी, वैज्ञानिक अध्ययन र दक्ष जनशक्तिको महत्त्वलाई अझ स्पष्ट बनायो । तर भूकम्पपछि पनि विपद्का घटना रोकिएका छैनन् । मनसुन सुरु हुनासाथ बाढी र पहिरोको जोखिम बढ्छ । तराईमा डुबान, पहाडी क्षेत्रमा पहिरो र हिमाली क्षेत्रमा हिमपहिरो तथा आकस्मिक बाढीको जोखिम रहन्छ । कतिपय ठाउँमा सडक निर्माण र बस्ती विस्तार गर्दा वातावरणीय तथा भौगोलिक जोखिमको पर्याप्त अध्ययन नहुँदा प्राकृतिक जोखिम मानवीय गतिविधिसँग जोडिएर झन् भयावह बन्ने गरेको छ ।

पछिल्लो समय भोटेकोशीमा आएको विनाशकारी बाढीले नेपालको विपद् व्यवस्थापनमा नयाँ चुनौतीतर्फ ध्यानाकर्षण गराएको छ । हिमाली क्षेत्रमा उत्पन्न आकस्मिक जलप्रवाहले केही समयमै नदी तटीय क्षेत्रको जनजीवन प्रभावित पार्न सक्छ । बाढीले बस्ती, सडक, पुल, जलविद्युत् आयोजना, व्यापारिक संरचना र सञ्चार सम्पर्कमा असर पार्दा प्राकृतिक विपद्को प्रभाव मानिसको दैनिक जीवनबाट राष्ट्रिय अर्थतन्त्रसम्म पुग्ने देखिन्छ । भोटेकोशीको घटनाले हामीलाई एउटा गम्भीर प्रश्न सोधेको छ- यस्ता आकस्मिक विपद्को जोखिम समयमै पहिचान गर्न, पूर्वसूचना दिन र तत्काल प्रतिक्रिया जनाउन हामीसँग पर्याप्त दक्ष प्राविधिक जनशक्ति छ कि छैन ? विपद् व्यवस्थापन भनेको उद्धार टोली परिचालन गर्नु मात्र होइन । नदीको बहाव र जलस्तर अध्ययन गर्ने जलविज्ञानी, मौसमको अवस्था विश्लेषण गर्ने मौसमविद्, हिमनदी तथा हिमाली जोखिम अध्ययन गर्ने विज्ञ, भूगर्भविद्, जोखिम नक्सांकन गर्ने इन्जिनियर, सूचना प्रविधि विशेषज्ञ, सञ्चार प्राविधिक, विद्युत् प्राविधिक तथा स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको संयुक्त प्रयास आवश्यक हुन्छ । आज प्रविधिको विकास तीव्र गतिमा भइरहेको छ । मौसम पूर्वानुमान, उपग्रहबाट प्राप्त सूचना, नदीको जलस्तर मापन, डिजिटल नक्सा र पूर्वसूचना प्रणालीले विपद् जोखिम न्यूनीकरणमा ठुलो सहयोग पुऱ्याउन सक्छन् । तर प्रविधि आफैंले निर्णय गर्दैन । त्यसलाई सही ढंगले सञ्चालन गर्ने, प्राप्त सूचना विश्लेषण गर्ने र सही समयमा सही निर्णयमा रूपान्तरण गर्ने दक्ष जनशक्ति आवश्यक हुन्छ । प्राकृतिक विपद् अचानक आउन सक्छ, तर विपद्को तयारी अचानक गर्न सकिँदैन । नदीको माथिल्लो क्षेत्रमा पानीको अवस्था बदलिँदा त्यसको प्रभाव तल्लो क्षेत्रमा कस्तो पर्न सक्छ भन्ने विश्लेषण समयमै गर्नुपर्छ । जोखिममा रहेका बस्ती पहिचान गरी पूर्वसूचना दिनुपर्छ । सुरक्षित स्थान र वैकल्पिक बाटो पहिल्यै निर्धारण गर्नुपर्छ । यसका लागि स्थानीय तहदेखि राष्ट्रिय तहसम्म दक्ष प्राविधिक जनशक्ति र प्रभावकारी समन्वय आवश्यक हुन्छ ।

विपद्को समयमा स्वास्थ्य क्षेत्रको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । भूकम्प, बाढी वा पहिरोपछि घाइतेको उपचार मात्र होइन, खानेपानी, सरसफाइ, संक्रमण नियन्त्रण र रोगको निगरानी पनि आवश्यक हुन्छ । मेडिकल ल्याबोरेटरी प्राविधिक, रेडियोग्राफी प्राविधिक, फार्मेसी प्राविधिक, आपत्कालीन स्वास्थ्यकर्मी तथा जनस्वास्थ्यकर्मीले संकटको समयमा महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्न सक्छन् । महामारीको अनुभवले पनि प्राविधिक जनशक्तिको महत्त्व स्पष्ट पारेको छ । कोभिड-१९ का समयमा रोग पहिचान, नमुना संकलन, प्रयोगशाला परीक्षण, संक्रमण नियन्त्रण, औषधि तथा स्वास्थ्य सामग्री व्यवस्थापन, खोप कार्यक्रम र तथ्यांक संकलनमा स्वास्थ्य प्राविधिकहरूको योगदान महत्त्वपूर्ण रह्यो । महामारीपछि डेंगुजस्ता संक्रामक रोगको फैलावटले पनि रोग नियन्त्रण अस्पतालको चार पर्खालभित्र मात्र सम्भव हुँदैन भन्ने देखाएको छ । रोगको प्रारम्भिक पहिचान, प्रयोगशाला परीक्षण, रोग निगरानी, सरसफाइ, वातावरण व्यवस्थापन, लामखुट्टे नियन्त्रण, जनचेतना र जोखिम सञ्चारका लागि स्थानीय तहसम्म दक्ष जनशक्ति आवश्यक हुन्छ । त्यसैले स्वास्थ्य क्षेत्रका प्राविधिक जनशक्तिलाई महामारी र विपद् व्यवस्थापनसँग जोडेर तयार गर्नुपर्छ ।

नेपालको समस्या जनशक्तिको संख्या मात्र होइन, आवश्यक समयमा आवश्यक ठाउँमा आवश्यक सीप भएको जनशक्ति उपलब्ध हुनु पनि हो । राजधानी र ठुला सहरमा मात्र दक्ष जनशक्ति केन्द्रित हुँदा दुर्गम तथा विपद् प्रभावित क्षेत्रमा तत्काल सेवा पुऱ्याउन कठिन हुन्छ । त्यसैले प्रदेश र स्थानीय तहसम्म दक्ष प्राविधिक जनशक्तिको सन्तुलित वितरण आवश्यक छ । प्राविधिक तथा व्यावसायिक शिक्षालयहरूले पनि अब आफ्नो शिक्षण प्रणालीलाई समयको मागअनुसार विकास गर्नुपर्छ । स्वास्थ्यसम्बन्धी प्राविधिक शिक्षामा आपत्कालीन स्वास्थ्य सेवा, प्राथमिक उपचार, संक्रमण नियन्त्रण, महामारी व्यवस्थापन तथा विपद्का समयमा स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी व्यावहारिक ज्ञान आवश्यक छ । त्यस्तै इन्जिनियरिङ तथा अन्य प्राविधिक शिक्षामा भूकम्पप्रतिरोधी संरचना, बाढी पहिरो जोखिम, वातावरणीय प्रभाव, जलस्रोत व्यवस्थापन र विपद् प्रतिरोधी पूर्वाधार निर्माणसम्बन्धी सीपलाई प्राथमिकता दिनुपर्छ । विपद् व्यवस्थापनमा स्थानीय समुदायको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । विपद् हुँदा सरकारी उद्धार टोली पुग्नुअघि स्थानीय नागरिक नै पहिलो उद्धारकर्ता बन्ने गर्छन् । त्यसैले स्थानीय तहमा तालिमप्राप्त स्वयंसेवक र प्राविधिक टोली तयार गर्नुपर्छ । विद्यालय, अस्पताल, उद्योग, जलविद्युत् आयोजना तथा सार्वजनिक संस्थामा नियमित विपद् अभ्यास सञ्चालन गरिनुपर्छ । नेपालले अब विपद्लाई केवल राहत र क्षतिपूर्तिको विषयका रूपमा हेर्नुहुँदैन ।

विपद् जोखिम न्यूनीकरणलाई विकास योजनाकै अभिन्न अंग बनाउनुपर्छ । सडक बनाउँदा पहिरोको जोखिम, पुल बनाउँदा नदीको बहाव, बस्ती विकास गर्दा डुबान र भूकम्पीय जोखिम तथा जलविद्युत् आयोजना निर्माण गर्दा आकस्मिक बाढीको सम्भावनालाई गम्भीरतापूर्वक विचार गर्नुपर्छ । यहाँ हाम्रो सोचमै परिवर्तन आवश्यक छ । विपद् आएपछि राहत बाँड्ने क्षमता मात्र राज्यको सफलता होइन, विपद् आउनुअघि जोखिम घटाउन सक्ने क्षमता नै सुशासनको वास्तविक परीक्षा हो ।

भूकम्प, बाढी, पहिरो, भोटेकोशीजस्ता आकस्मिक नदीजन्य विपद् वा महामारी जे सुकै होस्- यी सबै घटनाले संकटको समयमा स्रोतसाधनभन्दा पनि स्रोत परिचालन गर्न सक्ने दक्ष जनशक्ति निर्णायक हुन्छ भन्ने सिकाएका छन् । वैज्ञानिक अध्ययन, पूर्वसूचना, सुरक्षित पूर्वाधार, दक्ष प्राविधिक जनशक्ति, स्थानीय क्षमता र प्रभावकारी समन्वयबाट क्षति अवश्य घटाउन सकिन्छ । आज प्राविधिक शिक्षामा गरिएको लगानी भोलिको संकटमा जोगाइने जीवनको लगानी हो । भोटेकोशीको बाढीले दिएको सन्देशलाई आत्मसात् गर्दै जोखिम पहिचान गर्ने, समयमै सूचना दिने र संकटमा जीवन जोगाउन सक्ने दक्ष प्राविधिक जनशक्ति तयार गर्नु नै आजको मुख्य आवश्यकता हो । दक्ष मानव पूर्वाधारले नै संकटको समयमा राष्ट्रलाई जोगाउँछ ।

इतिहासको पाना

● सुनिल उलक

पिसकोर, सार्जेन्ट स्रिभर र ऐतिहासिक भ्रमण

सन् १९६१ मार्च १ मा अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले हस्ताक्षर गरेपछि पिसकोरको स्थापना भयो । अमेरिकी विद्यार्थीहरूलाई तेस्रो मुलुक पठाएर विकासमा सघाउने लक्ष्य बोकेको यस संस्थाको पहिलो डाइरेक्टरका रूपमा केनेडीले आफ्ना बहिनी-ज्वाइँ सार्जेन्ट स्रिभरलाई नियुक्त गरे ।

यिनै डाइरेक्टर स्रीभर २०२० माघ १० गते दिल्लीबाट काठमाडौं हुँदै चारदिने नेपाल भ्रमणमा आए । भ्रमणकै क्रममा दुई दिनपछि पोखरा पुगेका उनले छोटो अवधिमै धरानदेखि नेपालगन्जसम्मको यात्रा भ्याए । पोखरामा उनका लागि काठमाडौंबाट 'उ.का. ९३१' नम्बरको नयाँ विलिस जिप ल्याइएको थियो । हालको महेन्द्र पुलनजिकै साँघुको मुखमा खिचिएको एक ऐतिहासिक तस्बिरमा बाटोको बीचमा बालबालिकाहरू झन्डा बुर्जा खेलिरहेका र स्रिभर अनौठो मान्दै हेरिरहेका देखिन्छन् । सोही भिडमा पिसकोर भोलेन्टियर डगलस बिंगहम पनि खेलमा तल्लीन थिए ।

त्यतिबेला बिरानो लाग्ने त्यो ठाउँ आज पोखराको मुटु र मुख्य बजार बनेको छ । केनेडीको हत्यापछि राष्ट्रपति लिन्डन बी जोन्सनको कार्यकालमा पनि स्रिभरले पिसकोर चलाइरहे । ५ राष्ट्रबाट सुरु भएको कार्यक्रमलाई उनले १४ हजार पाँच सय भोलेन्टियरसहित ५५ राष्ट्रमा पुऱ्याए । पछि फ्रान्सका लागि अमेरिकी राजदूत बनेका स्रिभरले स्वदेश फर्केर डेमोक्रेटिक पार्टीबाट उपराष्ट्रपति पदमा चुनाव लडे । तर उनी स्पिरो एग्न्युसँग पराजित भए, जो संयोगवश पछि आफैं पनि नेपाल भ्रमणमा आएका थिए ।

कृष्णभिरको समस्या समाधानका लागि सुरुङमार्ग र वैकल्पिक पुलको अध्ययन हुँदै

काठमाडौं/मस- सडक विभागले धादिङको कृष्णभीरमा पुनः बल्झिएको पहिरोको समस्या समाधानका लागि दीर्घकालीन योजना अघि सारेको छ।

विभागका महानिर्देशक डा.विजय जैसीले आइतबार स्थलगत अनुगमनका क्रममा सञ्चारकर्मीसँग कुरा गर्दै कृष्णभीरको भौगर्भिक अवस्था र भावी योजनाबारे जानकारी दिएका हुन्।

महानिर्देशक डा.जैसीकाअनुसार हालैको वर्षा र बाढीले कृष्णभीरको तल्लो भाग कटान गरेपछि पहिरोको समस्या पुनः देखिएको हो। यातायात सञ्चालनका लागि विभागले रातदिन काम गरिरहेको उनले बताए।

कृष्णभीरको स्थायी समाधानका लागि विभागले दुई वटा मुख्य विकल्पमा अध्ययन गरिरहेको महानिर्देशक जैसीले बताए। उनकाअनुसार पहिलो विकल्पमा त्यहाँ सुरुङमार्ग निर्माण गर्ने र दोस्रो विकल्पमा त्रिशूली नदीको अर्को किनारबाट वैकल्पिक सडक विस्तारका लागि दुईवटा पुल बनाउने विषयमा गृहकार्य भइरहेको छ।

त्रिशूली करिडोर र अन्य क्षेत्रमा क्षति भएका करिब २९ वटा पुलहरूको मर्मत सम्भार र पुनर्निर्माणलाई विभागले प्राथमिकतामा राखेको छ।

धादिङको फुर्केखोला पुलको विषयमा जानकारी दिँदै उनले भने, 'त्यहाँको ९४ मिटर लामो स्पानमा पिलरबिनाको बेलीब्रिज राख्ने विषयमा चिनियाँ विशेषज्ञहरूसँग परामर्श भइरहेको छ। चीनबाट आएको १०० मिटरको पुल त्यहाँ जडान गर्न सकिएमा २ देखि ३ हप्ताभित्र यातायात सुचारु गर्न सकिनेछ।'

सडक विभागसँग पुल निर्माणमा आवश्यक दक्षता रहेको उल्लेख गर्दै उहाँले क्षतिग्रस्त संरचनाहरूलाई यथाशक्य छिटो पुरानै अवस्थामा फर्काइने प्रतिबद्धता व्यक्त गरे। देशभरका करिब १४ हजार किलोमिटर सडक सञ्जाललाई व्यवस्थित राख्न चुनौती भएपनि स्रोत र साधनले भ्याएसम्म विभाग २४ सैं घण्टा खटिएको डा. जैसीले जानकारी दिए।

राष्ट्रिय योजना आयोगका सदस्य तथा भौतिक पूर्वाधार मन्त्रालयका सचिवसहितको टोलीले पनि कृष्णभीरको वस्तुस्थिति अवलोकन गरी छिटोभन्दा छिटो समस्या समाधान गर्न निर्देशन दिएको छ। सडक विभागले जनसाधारणलाई धैर्य गर्न अनुरोध गर्दै सुरक्षित सडक सञ्चालनका लागि कुनै कसर बाँकी नराख्ने जनाएको छ।

सिंहदरबारमा 'जेन–जी सहिद स्मारक पार्क'को शिलान्यास

काठमाडौं/मस-सिंहदरबारस्थित संघीय संसद भवन परिसरमा 'जेन-जी सहिद स्मारक पार्क तथा शालिक र स्तम्भ'को शिलान्यास गरिएको छ।

आइतबार आयोजित कार्यक्रममा गृहमन्त्री सुधन गुरुङ र पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले संयुक्त रूपमा स्मारक पार्क तथा शालिक र स्तम्भको शिलान्यास गरेका हुन्।

शिलान्यासपछि सञ्चारकर्मीसँग कुरा गर्दै गृहमन्त्री गुरुङले जेन-जी पुस्ताले अघि सारेका माग सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताए। उनले आन्दोलनका क्रममा सहिद भएका सबैको शालिक निर्माण गरिने जानकारी दिए। गृहमन्त्री गुरुङले सरकारले जेन-जी पुस्ताका माग पूरा गर्ने प्रतिबद्धता जनाएको उल्लेख गर्दै आन्दोलनका क्रममा सहिद भएका सबैको सम्मानमा शालिक निर्माण गरिने बताए। यसैबीच सरकारले जेन-जी सहिद दिवसको अवसरमा भदौ २३ गते मुलुकभर सार्वजनिक बिदा दिने निर्णयसमेत गरेको छ।

रसुवाबाट सुत्केरी महिला र नवजात शिशुको हवाई उद्धार

काठमाडौं/मस-रसुवाको आमाछोदिङमो गाउँपालिका-३, गत्लाङकी २९ वर्षीया फुर्पु यामो तामाङ र उनका नवजात शिशुको हवाई उद्धार गरिएको छ।

गत्लाङ स्वास्थ्य चौकीमा बच्चा जन्माएपछि आमा र नवजात शिशु दुवैमा जटिल स्वास्थ्य समस्या देखिएपछि थप उपचारका लागि हेलिकोप्टरमार्फत काठमाडौंस्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा ल्याइएको हो।

भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण आमाछोदिङमो गाउँपालिका यातायात सञ्जालबाट पूर्ण रूपमा विच्छेद भएको अवस्थामा सडक मार्गबाट तत्काल स्वास्थ्य संस्थासम्म पुऱ्याउन सम्भव नभएपछि हवाई उद्धार गरिएको हो।

सरकारले गत भदौमा स्वीकृत गरेको कार्यविधिमा बाढी तथा पहिरोका कारण सडक सञ्जाल अवरुद्ध भई विशेष परिस्थिति सिर्जना भएमा दुर्गम भौगोलिक क्षेत्रबाट ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला र २४ घण्टाभित्रका नवजात शिशुलाई हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पतालमा पुऱ्याउन सकिने व्यवस्था गरेको छ।

सोही व्यवस्थाअनुसार आमा र नवजात शिशुको जीवन रक्षाका लागि तत्काल हवाई उद्धार गरी थप उपचारका लागि काठमाडौं ल्याइएको मन्त्रालयले जनाएको छ।

उद्धार कार्यमा समन्वय तथा सहजीकरण गर्ने स्थानीय जनप्रतिनिधि, स्वास्थ्य शाखाका कर्मचारी तथा सम्बन्धित स्वास्थ्यकर्मीप्रति महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले धन्यवाद व्यक्त गरेको छ।

कास्की सार्दीखोला समाज कतारद्वारा बाढीपीडितका लागि १६ सय ८५ रियाल सहयोग

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, २१ भदौ

नेपालमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले कास्की सार्दीखोला समाज कतारले १ हजार ६ सय ८५ कतारी रियाल (करिब ७० हजार रुपैयाँ) सहयोग गरेको छ। कतारमा रहेका नेपाली संघसंस्थाको सहकार्यमा एनआरएनए एनसिसीमार्फत संकलन भइरहेको राहत रकम नेपाल सरकारलाई पठाउने अभियान अन्तर्गत समाजले उक्त रकम गण्डकी प्रदेश समन्वय परिषद् कतार मार्फत हस्तान्तरण गरेको हो। शनिबार साँझ आयोजित कार्यक्रममा समाजका अध्यक्ष पदम गुरुङले परिषद् कतारका अध्यक्ष अजय विक र महासचिव मनप्रसाद राना मगर लगायतलाई रकम हस्तान्तरण गरे। रकम ग्रहण गर्दै परिषद्का अध्यक्ष विकले गण्डकी प्रदेशअन्तर्गतका जिल्ला तथा विभिन्न संघसंस्थाबाट संकलित रकम एकमुष्ट रूपमा एनआरएनए एनसिसी कतारमार्फत नेपाल पठाइने जानकारी दिए। उनले विपद्को समयमा सहयोग गरेकोमा सार्दीखोला समाज कतारप्रति आभार व्यक्त गरे।

समाजका अध्यक्ष गुरुङले प्रवासबाट गरिएको सहयोग रकम सानो भए पनि बाढी पहिरो पीडितको घाउमा मलम बन्ने विश्वास व्यक्त गरे। माछापुच्छे गाउँपालिका-२, कास्कीको सार्दीखोलाबाट कतारमा रहेकाहरूद्वारा सन् २०१२ मा 'आफ्नो गाउँको विकास अनि पहिचान, जिल्ला र देशकै विकासको पूर्वाधार' भन्ने नाराका साथ कास्की सार्दीखोला समाज कतार स्थापना गरिएको हो।

स्यार्पु तालमा पर्यटकको आकर्षण बढ्दो, डुंगा सञ्चालन रोकिँदा चुनौती

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, २१ भदौ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-३ र ५ को सीमामा रहेको स्यार्पु ताल पछिल्लो समय पर्यटकको प्रमुख आकर्षण बन्दै गएको छ। चारैतिर हरियाली पहाड, शान्त वातावरण र मनमोहक प्राकृतिक दृश्यले घेरिएको यस तालमा दैनिक रूपमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्दै गएको छ। मुसिकोट खलंगाबाट करिब २० किलोमिटर दूरीमा रहेको स्यार्पु तालले रुकुम पश्चिमको पर्यटन विकासमा ठूलो सम्भावना बोकेको स्थानीयवासी बताउँछन्। तालको उत्तरतर्फ स्यार्पु गाउँ र खारखोला, दक्षिणतर्फ दह गाउँ, पूर्वमा पैयाबार गाउँ र पश्चिममा दह गेठ क्षेत्र पर्छ।

तर, पर्यटकको आकर्षण बढ्दै गए पनि तालमा डुंगा सञ्चालन नहुँदा पर्यटन गतिविधि अपेक्षाअनुसार विस्तार हुन सकेको छैन। बाँफिकोट गाउँपालिकाले पेट्रोल डुंगाका कारण तालको वातावरणमा असर परेको भन्दै डुंगा सञ्चालनमा रोक लगाएपछि पर्यटन प्रवर्द्धनमा असर परेको स्थानीयको भनाइ छ। स्थानीय कर्णवीर दाहालका अनुसार आवश्यक व्यवस्थापनसहित सुरक्षित विद्युतीय डुंगा सञ्चालन गर्न सकिए स्यार्पु तालको पर्यटन सम्भावना अझै विस्तार हुने थियो। त्यस्तै, ताल घुम्न आएका पर्यटकहरूले पनि डुंगा नहुँदा किनाराबाटै दृश्य अवलोकन गरेर फर्किनुपर्ने बाध्यता रहेको बताएका छन्।

बर्दियाबाट आएका पर्यटक हरिहर थारुले तालको प्राकृतिक सौन्दर्य अझ नजिकबाट अवलोकन गर्न डुंगा सेवा आवश्यक रहेको बताए।

स्थानीय होटल तथा व्यवसायीहरूले स्यार्पुताललाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सके रोजगारी र आम्दानीका अवसर बढ्ने विश्वास व्यक्त गरेका छन्।

यता गाउँपालिकाले भने वातावरणीय संरक्षणलाई प्राथमिकतामा राख्दै डुंगा सञ्चालन रोकिएको जनाएको छ। तर स्थानीयले भने वातावरणीय सन्तुलन कायम गर्दै सुरक्षित विद्युतीय डुंगा सञ्चालन, पूर्वाधार विकास र प्रभावकारी प्रचारप्रसार आवश्यक रहेको माग गरेका छन्।

स्यार्पु तालको पर्यटन सम्भावनालाई वास्तविक रूपमा उपयोग गर्न स्थानीय तह र सरोकारवाला निकायबीच समन्वय आवश्यक देखिएको छ।

बाढी प्रभावित क्षेत्रमा ड्रोनबाट खाद्यान्न ढुवानी सुरु

रसुवा/मस-बाढी प्रभावित रसुवाको गाउँ बस्तीमा ड्रोन उपकरणमार्फत खाद्यान्न ढुवानी सुरु गरिएको छ। ड्रोन ढुवानी सेवाको पहिलो दिन आइतबार स्थानीय हाकुबेँसी क्षेत्रमा खाद्यान्न पुऱ्याइएको रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले जानकारी दिए।

उनका अनुसार चीन सरकारबाट प्राप्त ड्रोनको पारवहन क्षमता ८० किलो भनिए पनि परीक्षणका क्रममा प्रतिउडान ५३ किलोका दरले ढुवानी गरिएको छ।

आइतबार १२ वटा उडानमार्फत करिब ६६४ किलो खाद्यान्न ढुवानी गरिएको प्रजिअ अधिकारीले जानकारी दिए।

उनका अनुसार यसैगरी टिमरेको घट्टेखोलामा तीन, हाकु क्षेत्रमा दुई र डाँडा गाउँ क्षेत्रमा एक गरी छ वटा सिम्रिक एयरको हेलिकप्टरमार्फत शव व्यवस्थापनका लागि नुवाकोटाको विदुर पठाइएको छ।

यही भदौ १० गतेको भोटेकोशी हुँदै आएको बाढीमा परेर रसुवामा अहिलेसम्म १६९ शव संकलन गरिएको जिल्लाका प्रहरी प्रमुख अशोक थापाले जानकारी दिए।

जुवा खेलाएको आरोपमा गाउँपालिका अध्यक्ष र इन्स्पेक्टरसहित आठजना पक्राउ

काठमाडौं/मस-पर्साको वीरगञ्जस्थित क्यासिनोमा गैर कानुनी रूपमा नेपाली नागरिकलाई प्रवेश गराई जुवा खेलाएको आरोपमा गाउँपालिका अध्यक्ष र प्रहरी इन्स्पेक्टरसहित आठ जना पक्राउ परेका छन्।

शनिबार राति वीरगञ्जको गण्डकस्थित क्लार्क रिसोर्ट होटलमा सञ्चालित क्यासिनोमा छापामारी उनीहरूलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। पक्राउ पर्नेहरूमा पर्साको सखुवाप्रसौनी गाउँपालिका अध्यक्ष ३६ वर्षीय जसवन्त यादव, प्रहरी इन्स्पेक्टर प्रदीप पौडेल, सखुवाप्रसौनी-६ का ३० वर्षीय चन्दन सहनी र वीरगञ्ज महानगरपालिका-११ का ३९ वर्षीय ओमप्रकाश बैठा रहेका छन्।

त्यसैगरी नेपाली नागरिकलाई नियम विपरीत क्यासिनो प्रवेश गराएको आरोपमा क्यासिनोका चार जना कर्मचारी पनि पक्राउ परेका छन्। पक्राउ पर्ने कर्मचारीहरूमा वीरगञ्ज-१४ का २८ वर्षीय विजयकुमार पटेल, वीरगञ्ज-२५ का ३१ वर्षीय दिनेशकुमार पटेल, महोत्तरीको पिपरा गाउँपालिका-५ का ४९ वर्षीय जयदेव साह र वीरगञ्ज-१२ का ५० वर्षीय प्रदेशी साह रहेका छन्।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०७/२५ मा दर्ता भएको **प्रा. लि. नं. ७७४४८/०६७/०६८** को **माया रेमिट प्रा. लि.** को मिति २०८३/०५/१८ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटरः चित्र खड्का,
इजाजतपत्र नं. ३१०, फोन नं. ९८४५३६११०९

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो,"

भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति
वि.सं. २००३/०८/१३ गते

स्वर्गारोहण मितिः
वि.सं. २०८३/०५/१० गते।

स्व. मौल बहादुर राई

आदरणीय हाम्रा पूजनीय श्रीमान/भेना/बुवा उदयपुर जिल्ला त्रियुगा नगरपालिका वडा नम्बर ४ निवासी **स्व. मौल बहादुर राई**को मिति २०८३ भदौ १० गते बुधबारको दिन ८० वर्षको उमेरमा असामयिक निधन भएकोले हामी सम्पूर्ण परिवारजन स्तब्ध एवं अत्यन्तै मर्माहित भएका छौं। उहाँको मृत आत्माको चिर शान्तिका लागि सुम्निमा र पारुहाङसँग प्रार्थना गर्दै शोकमय यस घडीमा समवेदना तथा सान्त्वना प्रदान गर्नुहुने सम्पूर्णप्रति आभार व्यक्त गर्दछौं।

शोकाकुल परिवार

श्रीमती : चरी माया राई
छोरा बुहारीहरू : अर्जुनकुमार राई/सीता राई, खगेन्द्र राई/बिना थापा राई, रविन राई/हिराकुमारी राई/आशा चौधरी राई, आशिष राई
छोरी ज्वाईहरू : तुलसा राई/धनकुमार राई, ऋतु राई/टंकबहादुर राई, उषा राई/अर्जुन राई

शोकाकुल राई परिवार
त्रियुगा नगरपालिका ४, बगहा उदयपुर

युएईमा रोजगार
कम्पनी : QUAD DREAM SCAFFOLDING CONTRACTING L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८३/०५/१६ — चलानी नं.: ६०२६०७१३ — LT. No.: 347399

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scaffolder	10	0	स. काममा दक्ष	1500	६१,६२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २९ गते (14 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

H. R. WORLD SERVICE PVT. LTD.
श्रम इजाजत पत्र नं.: ९४३/०७४/०७५
Sinamangal - 9 Kathmandu, Tel: 4465793, +977 9705083361, 9705113388

ओमनमा रोजगार
कम्पनीः ALMADINA ALFADHILA LLC — शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/०८/१६ — चलानी नं.: ६०२४८३१९ — LT. No.: 334685 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Beautician	0	3	स. काममा दक्ष	170	६६६२१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २९ गते (14 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SKY OF THE WORLD MANPOWER PVT. LTD.
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9851068774
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com.np, Web.www.skymanpower.com

कुवेतमा रोजगार
कम्पनी : FIRST UNITED ELECTRICAL AND MECHANICAL CONTRACTING CO. — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/११/०१ — चलानी नं.: ६०२५२५०८ — LT. No.:338992 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Electricians	50	0	सम्बन्धित काममा दक्ष	115	५६५१९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Assistant Plumber	43	0		115	५६५१९							
3.	Electrician.	100	0		130	६३८९१							
4.	Plumber.	83	0		130	६३८९१							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २९ गते (14 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०५/२६ मा दर्ता भएको **प्रा.लि.नं. १२६४८०/०७१/०७२** को **नेपाल एसेट्स म्यानेजमेन्ट एण्ड अप्राइजेल प्रा. लि.** को मिति २०८३/०५/१६ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटरको कार्यालय
नामः अर्जुन कोइराला, इजाजत पत्र नं. १७१
ठेगानाः बुढानिलकण्ठ -०४, काठमाडौं, सम्पर्क नं. ९८५१००३८९२

NOC हराएको सूचना

मिति २०८३/०४/१५ गते अन्दाजी १:०० बजेको समयमा कागेश्वरी मनोहरा न.पा ७, विरेन्द्र चोकदेखि जडिबुटीसम्म जानेक्रममा नेपाल सरकार शिक्षा खेलकुद मन्त्रालय वैदेशिक अध्ययन अनुमति शाखा, सानोठिमी भक्तपुरबाट मेरो नाममा जारी भएको Applicant ID No. 824570224, 822100967, 829760625, 82679480, 82698340 को NOC हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नामः पत्रुस राई
ठेगानाः चौदण्डीगढी न.पा-८, उदयपुर
सम्पर्क नं.: ९८१०१५९४५०

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०७/२८ मा दर्ता भएको **प्रा.लि.नं. १७८१५१** को **बिन्दवासीनी बालुवा खानी तथा प्रशोधन प्रा. लि.** को मिति २०८३/०५/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)
ठेगानाः का.म.न.पा.-९, काठमाण्डौ
सम्पर्कः ९८६३५४२२९०

ZERO COST EMPLOYMENT IN MALAYSIA !!!
मलेसियामा शुन्य लागतको रोजगारी !!!

No Recruitment Fees & Cost: - New issuance or renewal of passport for obtaining an employment, Bio-Medical Examination, visa processing, foreign employment insurance, Welfare & Social security fund (SSF), pre-departure orientation training, air ticket (From Kathmandu Airport to Malaysia Airport For departure), in-bound land transportation, accommodation, and in-transit subsistence costs after an employment offer & Aakarshan's service charge which will be fully covered by the employer.
(शून्य रोजगार खर्च र शुल्क : वैदेशिक रोजगारीको लागि नयाँ राहदानी जारी गर्न वा नविकरण गर्न, स्वास्थ्य परीक्षण, भिषा प्रक्रिया, वैदेशिक रोजगार बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष (एसएसएफ), प्रस्थानपूर्वको अभिमुखीकरण तालिम, हवाई टिकट (काठमाडौं एयरपोर्ट देखि मलेसिया एयरपोर्ट सम्म उडानको लागि), रोजगारीको सुनिश्चितता पछिको यातायात, आवास, खाना खर्च, र आकर्षणको सेवा शुल्क पूर्ण रुपमा रोजगारदाताले वहन गर्नेछ।)

A. Employer's Information (रोजगारदाताको विवरण)

Tech Food
Name: Tech Food Ingredients Sdn. Bhd. Address: Selangor, Malaysia
नामः टेक फुड इन्ग्रिडिएन्ट्स एसडिएन. बिएचडी. ठेगानाः सेलाङ्गोर, मलेसिया

Short Description About Company (कम्पनीको बारेमा छोटो जानकारी)

Tech Food Ingredients Sdn. Bhd. is a food manufacturing company certified under the Halal certification scheme and the Food Safety System Certification (FSSC) 22000 (Version 6). With more than 15 years of experience serving the bakery and confectionery industry, the company has established itself as a professional and reliable industry expert. Tech Food Ingredients Sdn. Bhd. is committed to delivering high-quality products and exceptional customer service, guided by strong core values that emphasise integrity, consistency, and operational excellence
टेक फुड इन्ग्रिडियन्ट्स एसडीएन. बीएचडी. हलाल प्रमाणपत्र र फुड सेफ्टी सिस्टम सर्टिफिकेशन (एफएसएससि) २२००० (भर्सन ६) अन्तर्गत प्रमाणित खाद्य उत्पादन कम्पनी हो। बेकरी र कन्फेक्शनरी उद्योगमा १५ वर्षभन्दा बढी सेवा अनुभव सँगै, कम्पनीले राम्रो र भरपर्दो उद्योग विशेषज्ञको रुपमा आफ्नो पहिचान बनाएको छ। टेक फुड इन्ग्रिडियन्ट्स एसडीएन. बीएचडी. उच्च गुणस्तरका उत्पादनहरू र उत्कृष्ट ग्राहक सेवाप्रदान गर्न कटिबद्ध छ, र यस काकार्यहरू इमानदारी, निरन्तरता, र संचालन उत्कृष्टतामा आधारित बलियो मूल्यहरू द्वारा निर्देशित छन्।

Pre-Approval Details (पुर्व-स्वीकृतिको विवरण):

Pre Approval Date:	2026/01/16	Consignment No.:	60250729	L.T. No.: 337193	Re Advertisement
पूर्व स्वीकृत मितिः	२०८२/१०/०२	चलानी नं.:	६०२५०७२९	एल टी नं.: ३३७१९३	पुन विज्ञापन

सि.नं. S.N.	कामदारको पद Worker's Position	माग संख्या Required No's: पुरुष Male	महिला Female	न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब Monthly Salary: रिङ्गिट MYR	ने.रु. NPR	ओभरटाइम सुविधा OT Facility	प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day	हप्तामा काम गर्ने दिन Working Day Per Week	बार्षिक बिदा Annual Leave	खाना सुविधा Food Facility	बस्ने सुविधा Accomodation Facility	करार अवधि Contract Period
1. १.	Factory Worker फ्याक्ट्री कामदार	2 २	0 ०	Able to read, Write & Speak English अंग्रेजीमा लेख्न, बोल्न र पढ्न सक्ने	1,700 १,७००	63,410 ६३,४१०	As per the company rule कम्पनीको नियम अनुसार	8 hours ८ घण्टा	6 Days ६ दिन	As per the company rule कम्पनीको नियम अनुसार	No छैन	Yes छ	2 Years दुई वर्ष

स्वदेशमा बनाउने पासपोर्टको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Passport making Fees	स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने Who Bears Domestic Medical Fees	विदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने Who Bears Overseas Medical Fees	स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने Who Bears Foreign Employment Term Life insurance (Domestic)	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Who Bears Foreign Employment insurance Premium (Overseas)	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने Who Bears Air Fare	भिषा शुल्क कस्ले ब्यहोर्ने Who Bears Visa Fees	भिषा स्टाम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who Bears Visa Stamping Fees	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने Who Bears Pre-Departure Orientation Fees	कल्याणकारी कोष सम्बन्धी व्यवस्था Who Bears Welfare Fund Payment	स्वदेशमा लाग्ने सामाजिक सुरक्षा कोषको रकम कस्ले ब्यहोर्ने र कति लाग्ने Who Bears Social Security Fund Payment	सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने Who Bears Service Charge
रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer

B. Employment Related Information (रोजगारी सम्बन्धी जानकारी)

1. **Nature /Scope of Work (कार्यको प्रकृती/क्षेत्र): Factory Worker (कारखाना कामदार)**
2. **Work Shift (कार्य शत्र):-** Day Shift **(दिवा शत्र)**
3. **Overtime Facility (ओभरटाइम सुविधा):-** The employer is committed to limiting the total workweek to no more than sixty (60) hours, inclusive of regular working hours and voluntary overtime, in accordance with Malaysian labor laws and company policies. **(मलेशियाको श्रम कानुन र कम्पनीको नियमानुसार सामान्य काम गर्ने समय र स्वेच्छिक ओभरटाईम समेत गरेर हप्तामा साठी (६०) घण्टासम्म कार्य प्रदान गर्नको लागि रोजगारदाता प्रतिबद्ध छ ।)**
Overtime calculation will be as below: (ओभरटाइमको गणना निम्नानुसार हुनेछ):
i) **Overtime calculation shall comply with the provisions of Malaysian Labour Law (ओभरटाइमको गणना मलेसियाको श्रम कानुनका प्रावधान अनुसार गरिनेछ ।)**

C. Interview Related Information (अन्तरवार्ता सम्बन्धी विवरण)

1. Registration (दर्ता):
- Applicants can register by scanning the QR code provided. (ईच्छुक आवेदकहरुले यस क्युआर कोडलाई स्क्यान गरि आवेदनदर्ता गर्न सक्नु हुनेछ ।)
- Only a total of 50 male applicants (based on first registration) will be accepted for this recruitment. (यस मागपत्रका लागि जम्मा पचास पुरुष आवेदक (पहिलो दर्ताका आधारमा) जनावाट मात्रलिईने छ ।)
- Among the received applications, only those applicants who have submitted complete information will be officially informed through phone/message from this office for the pre-interview. After that, applicants may voluntarily participate in the interview. Applicants who are not registered will not be allowed to participate in the pre-interview.

(प्राप्त आवेदनहरु मध्ये सम्पूर्ण जानकारी सहितदर्ता गरिएका आवेदकहरुलाई अधिकारीक रुपमा यस कार्यालयबाट फोन र म्यासेज मार्फत प्रि अन्तर्वार्ता लागि जानकारी दिईने छ सो पश्चात आवेदकले स्वेच्छिक रुपमा अन्तर्वार्तामा भाग लिन सक्नेछन । दर्ता नगरिएका आवेदकहरुलाई प्रि अन्तर्वार्तामा सहभागी गराईने छैन ।)

2. Pre- Interview Schedule (प्रि-अन्तरवार्ताको समयतालिका):
Pre Interview is schedule for 13 September 2026 (प्रि अन्तरवार्ता २८ भदौ २०८३ मा सञ्चालन हुनेछ ।)
3. Final Interview Schedule (अन्तिम अन्तरवार्ताको समयतालिका):
Final Interview is schedule for 14 September 2026 (अन्तिम अन्तरवार्ता २९ भदौ २०८३ मा सञ्चालन हुनेछ ।)

- For further inquiries regarding this opportunity, please contact Ms. Sadikshya Sharma, Recruitment & Administrative Officer at 9801122306. (यस अवसर सम्बन्धी थप जानकारीका लागि आकर्षणको भर्ना तथा प्रशासन अधिकारी सदिक्षा शर्मालाई ९८०११२२३०६ मा सम्पर्क गर्नुहोस् ।)
- Applicants must be SLC/SEE pass, and they are requested to bring their academic certificate with them. (आवेदकहरूले SLC/SEE उत्तीर्ण गरेको हुनुपर्नेछ र आफ्नो शैक्षिक प्रमाणपत्र साथमा ल्याउन अनुरोध गरिन्छ ।)
- Only those applicants who pass the pre-interview will be allowed to take part in final interview. (पूर्व-अन्तर्वार्तामा सफल हुने आवेदकहरूलाई मात्र अन्तिम अन्तर्वार्तामा सहभागिता गराइनेछ ।)
- For accurate and reliable information, please refer to Aakarshan's official social media channels:
  - **Facebook** (फेसबुक) : https://www.facebook.com/AakarshanInternational
  - **TikTok** (टिकटक): https://www.tiktok.com/@aakarshanmanpower
  - **Mobile**(मोबाईल) 9801122306, Telephone Number (टेलिफोन नं.), 01-4598701

For reliable and accurate information, please rely only on Aakarshan's official social media platforms and channels. (भरपर्दो र सही जानकारीका लागि कृपया आकर्षणको उल्लेखित आधिकारिक सामाजिक संजाल र च्यानलहरूमा मात्र निर्भर रहनुहोला ।)

D. Important Information to Applicant (आवेदकलाई महत्वपूर्ण जानकारी)

1. Prohibition of Sub-Agents and Ethical Recruitment Policy (एजेन्ट रहित र नैतिक नीति)

In accordance with the Government of Nepal's regulations, the use of sub-agents in the recruitment process is illegal. Aakarshan fully complies with this mandate and operates exclusively under the **"Zero Cost & Fee - Employer Pays Principle (EPP)"** model. Aakarshan conducts all recruitment activities directly, and we do not have any branch offices, agents, or intermediaries. Candidates are not required to pay any fees at any stage of the recruitment process to anyone.
(नेपाल सरकारले वैदेशिक रोजगारमा एजेन्टको प्रयोग पूर्ण रूपमा गैरकानुनी गराएको छ। आकर्षणले यस नियमको पूर्ण रूपमा पालन गर्दै **"शून्य लागत तथा शुल्क-रोजगारदाताद्वारा भुक्तानी"** गर्ने सिद्धान्त अन्तर्गतमा मात्र कार्य गर्दछ। आकर्षणले सबै भर्ती कार्यहरू प्रत्यक्ष रूपमा सञ्चालन गर्दछ र कुनै पनि शाखा कार्यालय, एजेन्ट वा मध्यस्थको प्रयोग हुँदैन। उम्मेदवारहरूले भर्ती प्रक्रियाको कुनै पनि चरणमा कुनै पनि व्यक्तिलाई शुल्क तिर्नु आवश्यक छैन।)

Aakarshan ensures full alignment and compliance with all 11 Forced Labour Indicators established by the International Labour Organization (ILO) throughout its recruitment process.
आकर्षणले आफ्नो भर्ती प्रक्रियाभर अन्तर्राष्ट्रिय श्रम संगठन द्वारा निर्धारण गरिएका जबरजस्तीश्रमका ११ सूचकहरूसँग पूर्ण समन्वय र अनुपालन सुनिश्चित गर्दछ।

2. Prohibition of Forced Labour/Freely Chosen Employment (जबरजस्ती श्रमको पूर्ण निषेध/ स्वेच्छिक रोजगारी)

a. Aakarshan strictly prohibits all forms of forced labor, including debt bondage, involuntary prison labor, and human trafficking. (आकर्षणले अनैच्छिक श्रम, मानव तस्करी लगायत सबै प्रकारका जबरजस्ती श्रमको पूर्ण रूपमा कडाइका साथ निषेध गर्दछ।)
b. Employment is fully voluntary, and employees may resign or end their contract without penalty, with sufficient notice. Employers must not deduct wages or retaliate against employees. (रोजगार पूर्ण रूपमा स्वेच्छिक हुन्छ, र कामदारले पर्याप्त सूचना दिएर आफ्नो रोजगार सम्झौता कुनै पनि समयमा समाप्त गर्न सक्ने अधिकार राख्दछन्। रोजगारदाताले त्यसबापत तलब कटौती गर्नु वा कर्मचारीविरुद्ध प्रतिशोध गर्नु हुँदैन।)
c. Candidates are not required to pay any fees, loans, or advance payments to secure employment. Property, educational certificates, livestock, jewelry, phones, or any other valuables must never be deposited or used as a condition for obtaining a job. (उम्मेदवारहरूले रोजगारी प्राप्त गर्नका लागि कुनै पनि शुल्क, ऋण वा अग्रिम भुक्तानी दिनु आवश्यक छैन। रोजगारीको शुनिश्चितताको लागि सम्पत्ति, शैक्षिक प्रमाणपत्र, गाई-भैंसी, गरगहना, फोन वा अन्य कुनै मूल्यवान वस्तु राख्न र प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको छ।)
d. Workers are not required to join any employer-mandated or compulsory savings programs. Participation in financial or savings schemes is completely voluntary. (कामदारहरूलाई रोजगारदाताद्वारा अनिवार्य रूपमा लागू गरिएका कुनै पनि बचत कार्यक्रम वा योजनामा सहभागी हुन बाध्य पारिने छैन। वित्तीय वा बचतसम्बन्धी कुनै पनि योजनामा सहभागिता पूर्ण रूपमा स्वैच्छिक रहनेछ।)
e. Repatriation expenses are covered by the employer upon contract completion or early termination with proper notice. (सम्झौता अवधि पूरा भएपछि वा कामदारले उचित सूचना दिएर सम्झौता पूर्व समयमै समाप्त गरेमा, स्वदेश फिर्तीको लागि लाग्ने खर्च रोजगारदाताले पूर्ण रूपमा व्यहोर्नेछ।)
f. Candidates retain their original documents with themselves. (उम्मेदवारहरूले आफ्नो प्रमाणपत्रहरू आफैसँग राख्ने अधिकार राख्दछन्।)
g. Employment terms will be clearly communicated in a language understood by worker and will remain unchanged unless any updates are more favorable than the existing terms.(रोजगारका सर्तहरू कामदारले बुझ्ने भाषामा स्पष्ट रूपमा प्रदान गरिनेछ र कुनै पनि शर्तहरु परिवर्तन भएमा हाल भएको भन्दा राम्रो भएमा मात्र परिवर्तनको लागि योग्य हुनेछ।)

3. Legal Working Age For Foreign Employment & Verification (वैदेशिक रोजगारका लागि कानुनी उमेर र प्रमाणिकरण)

All foreign employment applicants must be at least 18 years of age. To verify age, Aakarshan requires applicants to provide at least two official government-issued documents from Nepal, such as: i. National Identity Card , ii. Citizenship Certificate or Any other official document containing a photograph. (वैदेशिक रोजगारका लागि उम्मेदवारको उमेर कम्तीमा १८ वर्ष हुनुपर्छ। उमेर प्रमाणित गर्न, आकर्षणले उम्मेदवारहरूबाट कम्तीमा दुईवटा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको आधिकारिक कागजपत्र पेश गर्न आग्रह गर्दछ, जस्तैः १.राष्ट्रिय परिचयपत्र २.नागरिकता प्रमाणपत्र वा कुनै पनि फोटोसहितको अन्य आधिकारिक प्रमाणपत्र।)

4. Working Hours & Overtime Provisions (काम गर्ने समयावधी र अतिरिक्त कार्यसमय सम्बन्धी प्रावधानहरु)

Working hours will comply with the Malaysian Employment Act, 1955. The standard workweek shall not exceed 45 hours, with a maximum of 60 hours per week including overtime in exceptional or emergency situations. All overtime work is voluntary, and workers are entitled to at least one day off every seven days. Work Shift will be night and day shift. (काम गर्ने समय मलेसियाली रोजगार ऐन, १९५५ अनुसार हुने छ। सामान्य कार्यसमय एक हप्तामा अधिकतम ४५ घण्टा हुनेछन्, अपवाद वा आपतकालीन परिस्थितिमा ओभरटाइमसहित अधिकतम ६० घण्टा प्रति हप्ता हुनसक्नेछ। सबै ओभरटाइम काम स्वेच्छिक हुनेछ, र कामदारहरूले प्रत्येक सात दिनमा कम्तीमा एक दिन छुट्टी पाउने अधिकार राख्दछन्। कामको पालो दिन/रात शिफ्टको आधारमा हुनेछ।)
a. Annual Leave : 8 Days (बार्षिक बिदा ८ दिन)
b. Sick Leave : 14 Days (बिरामी बिदा १४ दिन)
c. Hospitalization Leave: 60 Days (हस्पिटल भर्ना भए बापतको बिदा ६० दिन)
d. Public Holiday: 11 Days (सार्वजनिक बिदा ११ दिन)
All the above-mentioned leave entitlements are fully paid and are applicable for 2-years of employment period. (उल्लिखित सबै प्रकारका छुट्टीहरू भुक्तानीसहित उपलब्ध गराइने छन् र यी २ वर्षे रोजगार अवधिका लागि लागू हुनेछन्।)

5. Wages & Benefits (तलबर सुविधाहरू)

Workers receive as per Malaysian labour Law.Overtime is voluntarily and paid at higher rates. No unlawful deductions are made from wages, and every worker receives a clear and timely pay slip. Overtime Calculation will be as below. (कामदारहरूले मलेसियाली रोजगार ऐन अनुसार तलब प्राप्त गर्नेछन्।ओभरटाइम स्वेच्छिक हुनेछ र उच्च दरमा भुक्तानी गरिन्छ। तलबबाट कुनै पनि अवैध कटौती गरिँदैन, र प्रत्येक कामदारले स्पष्ट र समयमा तलबको रसिद प्राप्त गर्नेछन्।)
a. On Normal Days: x1.5 (सामान्य दिनको x१.५ को दरले)
b. On Sunday /Rest Day : X2.0 (आईतबारको/आरम गर्ने दिनको x२.० को दरले)
c. On Public Holiday: X3.0 (सार्वजनिक बिदाको दिनको x३.० को दरले)

6. Non Discrimination & Respectful Workpalce (भेदभावमुक्त र सम्मानजनक कार्य वातावरण सम्बन्धी प्रावधानहरू)

Aakarshan promotes a safe, respectful, and inclusive workplace, ensuring equal and fair opportunities in hiring and employment practices. We have zero tolerance for harassment, abuse, or any form of inhumane treatment, and discrimination based on race, color, age, gender, sexual orientation, gender identity, ethnicity, disability, pregnancy, religion, or other protected characteristics is strictly prohibited. Workers are entitled to participate in religious programs and freely observe their respective practices. Discriminatory medical tests are never conducted. (आकर्षणले सुरक्षित, सम्मानजनक र समावेशी कार्यस्थलको प्रवर्द्धन गर्दछ र रोजगार प्रक्रियामा समान तथा निष्पक्ष अवसरको सुनिश्चितता गर्दछ। उत्पीडन, दुर्व्यवहार वा कुनै पनि अमानवीय व्यवहार पूर्ण रुपमा निषेध गरिएको छ। जात, रङ, उमेर, लिङ्ग, जातीयता, अपाङ्गता, गर्भावस्था, धर्म वा अन्य संरक्षित विशेषताका आधारमा कुनै पनि भेदभाव कडाइका साथ निषेध गरिएको छ। कामदारहरूले धार्मिक कार्यक्रममा सहभागी हुन र आफ्ना धर्म/आस्था अनुसार स्वतन्त्र रूपमा अभ्यास गर्न पाउने अधिकार राख्दछन्। भेदभावमूलक मेडिकल परीक्षण कहिल्यै गरिँदैन।)

7. Freedom of Association & Collective Rights (संघ/संगठनमा सवंद्ध हुने स्वतन्त्रता र सामूहिक अधिकारहरू सम्बन्धी प्रावधानहरू)

Workers have the right to freedom of movement, basic liberties, and collective bargaining. They can raise concerns freely without fear of harassment, retaliation, or discrimination based on their association. Workers may join trade unions, engage in collective bargaining and participate in lawful forms of worker representation, in accordance with Malaysian labor law. (कामदारहरूले, आधार भूत स्वतन्त्रता, र सामूहिक हकहितको लागि आवज उठाउने अधिकार राख्दछन्। उनीहरूले कुनै पनि संघ/संगठनको सदस्यताका आधारमा उत्पीडन, प्रतिशोध वा भेदभावको डरविना स्वतन्त्र रूपमा आफ्नो चासो वा सुझाव व्यक्त गर्न सक्नेछन्। कामदारहरूले मलेसियाको रोजगार ऐनअनुसार ट्रेड युनियनमा सदस्यता लिन, वैध रूपमा सामूहिक हकहितको लागि सहभागी हुन, र कर्मचारी प्रतिनिधित्वका कार्यक्रमहरूमा भाग लिन सक्ने अधिकार सुरक्षित राख्दछन्।)

8. Ethical Business Practices (नैतिक व्यवसायिक अभ्यास)

Aakarshan is committed to the highest standards of ethics and integrity in all business interactions. We maintain zero tolerance for bribery, corruption, or any unfair practices, and candidates or their family members are never required to give or receive gifts to secure employment. Privacy of all individuals is protected in accordance with Nepal's Privacy Act, 2017. (आकर्षणले सबै व्यवसायिक कार्यहरुमा उच्चतम स्तरको नैतिकता र ईमानदारीको पालन गर्न प्रतिबद्धता छ। हस्तक्षेप, भ्रष्टाचार वा अन्य कुनै पनि असमान अभ्यासका लागि पूर्ण रुपमा प्रतिबन्ध छ। उम्मेदवार वा उनीहरूको परिवारका सदस्यहरूले रोजगारी सुनिश्चित गर्नका लागि कुनै पनि उपहार दिन वा लिन आवश्यक पर्दैन। सबै व्यक्तिहरूको गोपनीयता नेपालको गोपनीयता ऐन, २०७४ अनुसार सुरक्षित रहन्छ।)

9. Workplace Health & Safety Provisions (नैतिक व्यवसायिक अभ्यास)

As per Malaysian Labour Law foreign workers are secure with the followings; (मलेसियाको रोजगार ऐन अनुसार, वैदेशिक कामदारहरूले निम्न सुरक्षा सुविधा पाउनेछन्,)
a. **Employees Provident Fund (EPF):** 2% From the Employer and 2% from the Workers (कर्मचारी सन्चय कोष : रोजगारदाताबाट २% र कामदारबाट २% योगदान।)
b. **Social Security Organization- Employment Injury Schemes (SOCSO) :** 1.25 % from the Employer and 0.5 % from the worker is deducted. It covers workplace injuries, occupational diseases, permanent disablement and death यस योजनाअन्तर्गत रोजगारदाताबाट १.२५% र कामदारबाट ०.५% कटौती गरिन्छ यसले कार्यस्थलमा हुने चोटपटक, व्यावसायिक रोग, स्थायी अपाङ्गता तथा मृत्युलाई समेट्छ।
c. **Foreign Workers Health Insurance Scheme (SPIKPA):** Provides medical treatment & Hospitalization in Government Hospitals (वैदेशिक कामदार स्वास्थ्य बीमा योजनाः सरकारी अस्पतालमा चिकित्सा उपचार र अस्पताल सेवाहरू उपलब्ध गराउँछ।)

Information Provided by Department of Foreign Employment (DOFE):
(वैदेशिक रोजगार विभागद्वारा प्रदान गरिएको जानकारी):

Information provided by the Department of Foreign Employment (DOFE) **वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** 1. Make sure you get the visa in your name. **१. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्।** 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble **२. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ।** 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement **३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्।** 4. Orientation or induction training must be taken before going for foreign employment. **४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ ।** 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. **५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला।** 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. **६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ।** 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. **७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सम्पर्क गर्नुहोला ।**

Note (नोट)

Sharing of this recruitment information on any social media platform without our prior consent is strictly prohibited. Any unauthorized disclosure or publication can be subjected to appropriate legal action. **(हाम्रो पूर्व स्वीकृति बिना यस भर्तीसम्बन्धी जानकारी कुनै पनि सामाजिक सञ्जालमा शेयर वा सार्वजनिक गर्न कडाइका साथ निषेध गरिएको छ। कुनै पनि अनधिकृत रूपमा जानकारी सार्वजनिक वा प्रकाशन गरिएको पाइएमा सम्बन्धित पक्षविरुद्ध आवश्यक कानुनी कारबाही गर्न सकिने छ ।)**

E. Grievance and Whistleblower Reporting Alert (गुनासो र गोप्य सूचना दर्ता)

Aakarshan encourages a "Speak-up" culture. Report any unethical behavior without fear. Anonymous reports are welcome, and confidentiality will be ensured. **(आकर्षणले बोल्ने स्वतन्त्रता र आफ्ना धारणा व्यक्त गर्ने अधिकारको सम्मान गर्दछ । कुनै अनैतिक गतिविधि देख्नुभयो भने हामीलाई गोप्य रूपमा जानकारी दिन सक्नुहुन्छ । तपाईंको विवरण पूर्ण गोप्य राखिनेछ र बदला रहित वातावरणमा सम्बोधन गरिनेछ।)**

Grievance Reporting Mechanism of Aakarshan **(आकर्षणमा गुनासो दर्ता गर्ने माध्यम):**
Emailing at: grievance@aakarshannepal.org or making direct call & SMS at 9847757089
(इमेल वा गुनासो समन्वय गर्ने नम्बरमा फोन वा एसएमएस मार्फत दर्ता गर्न सक्नु हुनेछ ९८४७७५७०८९ ।)

AAKARSHAN INTERNATIONAL PVT. LTD.
(AN ETHICAL RECRUITMENT AGENCY SINCE 2005)
Pashupati Road,Ratopul,Ward No.7, Kathmandu,Nepal
Tel: 01- 4598701 (Hotline) | Mobile: 9801122306
Email:information.aakarshan@gmail.com, Web:www.aakarshannepal.com.np
quality.trust.relation
CELEBRATING 21 YEARS
qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.18521/0 IQNET
OTL ETHICAL RECRUITMENT CERTIFIED AGENCY CERN# NP_2026_0002
Location QR

इन्फिनिटी लघुवित्तद्वारा नीति, नियमसम्बन्धी प्रशिक्षण

काठमाडौं/मस– इन्फिनिटी लघुवित्तले देशभरका शाखा कार्यालयमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्दै संस्थागत नीति, प्रक्रिया तथा अनुपालनसम्बन्धी ज्ञानलाई थप प्रभावकारी बनाउने उद्देश्यले संस्थागत नीति तथा अनुपालनसम्बन्धी पुनर्ताजगी अभिमुखीकरण कार्यक्रम गरेको छ । संस्थाले भदौ २० र २१ गते देशभरका १५ वटा स्टेसनमार्फत १०२ वटा शाखा कार्यालयमा कार्यरत शाखा प्रमुखदेखि फिल्ड सहायक कर्मचारीसम्मलाई सहभागी गराई प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको हो । कार्यक्रममा केन्द्रीय कार्यालयका पदाधिकारी तथा विभिन्न विभागीय प्रमुखको उपस्थिति रहेको थियो भने तालिमको प्रशिक्षण तथा सहजीकरण सम्बन्धित अनुगमन अधिकृतले गरेका थिए ।

तालिमका क्रममा संस्थाको कर्जा तथा बचत नीति, असुली नीति, कार्यान्वयनका प्रमुख प्रावधान, ग्राहक संरक्षण तथा संस्थागत सामाजिक उत्तरदायित्वलगायत विषयमा कर्मचारीलाई पुनर्ताजगी गराइएको थियो । साथै, शाखा तथा कार्यक्षेत्रमा देखिने व्यावहारिक समस्या, तिनका समाधानका उपाय तथा कार्यप्रणालीमा आवश्यक सुधारका विषयमा सहभागीहरूसँग अन्तर्क्रियात्मक छलफल गरिएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशनका प्रमुख प्रावधान, संस्थाका आन्तरिक परिपत्र तथा तिनको प्रभावकारी कार्यान्वयन सम्बन्धी विषयमा समेत जानकारी तथा मार्गदर्शन प्रदान गरिएको थियो । यस क्रममा कर्मचारीहरूले आफ्नो जिम्मेवारी निर्वाह गर्दा अपनाउनुपर्ने संस्थागत प्रक्रिया, नीति तथा अनुपालन सम्बन्धी आवश्यक जानकारी प्राप्त गर्नुका साथै कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने विषयमा मार्गदर्शन प्राप्त गरेका थिए । नीति तथा अनुपालनका विषयमा रहेका जिज्ञासा समाधान हुनुका साथै दैनिक कार्यसम्पादनमा थप स्पष्टता र प्रभावकारिता ल्याउन सहयोग पुग्ने विश्वास सहभागीहरूले व्यक्त गरेका छन् । विशेषगरी कार्यक्षेत्रमा देखिने व्यावहारिक समस्या र त्यसको समाधानका विषयमा खुला छलफल हुनुले कर्मचारीहरूमा थप आत्मविश्वास र जिम्मेवारीबोध बढाएको महसुस गरिएको थियो ।

कोरला नाका हुँदै नेपाल भित्रियो लिपमोटर बी१०

काठमाडौं/मस– लिपमोटरको नेपालका लागि आधिकारिक वितरक सांग्रिला मोटर्स प्रालिले आफ्नो विद्युतीय एसयुभी लिपमोटर बी१०को आयातका लागि वैकल्पिक मार्ग रोज्दै मुस्ताङको कोरला नाका प्रयोग गर्न थालेको छ । रसुवा क्षेत्रमा आएको बाढीका कारण मुख्य नाका अवरुद्ध भएपछि ग्राहकलाई समयमै गाडी उपलब्ध गराउन कम्पनीले यो निर्णय लिएको हो । नाइमा मोबिलिटी एक्स्पो र नाडा अटो सोमा उत्साहजनक बुकिङ पाएको लिपमोटर बी१०को भन्सार जाँचपास तथा ढुवानी प्रक्रियालाई तीव्र बनाइएकाले अब छिट्टै बुकिङकर्तालाई गाडी डेलिभरी गर्न सुरु गरिने सांग्रिला मोटर्सले जनाएको छ ।

बजेट भाषणपछि ५४ लाख ९९ हजार मूल्य कायम भएको यस एसयुभीमा १६० किलोवाटको रियर ह्विल ड्राइभ मोटर र ६७.१ किलोवाट आवरको ब्याट्री रहेको छ, जसले एकपटकको फुल चार्जमा ६०० किमिसम्मको रेन्ज दिने दावी गरिएको छ ।

१८० मिमि ग्राउन्ड क्लियरेन्स रहेको यस एसयुभीमा १४.६ इन्चको २.५के एचडी इन्फोटेनमेन्ट स्क्रिन, ३६०-डिग्री क्यामेरा, भेन्टिलेटेड सिट र प्यानोरामिक सनरुफजस्ता अत्याधुनिक सुविधा उपलब्ध छन् ।

रातोपुलस्थित स्यान्को कट्टीरोलद्वारा १९ हजार ९९९ रुपैयाँ सहयोग

काठमाडौं/मस– भोटेकोशीमा आएको बाढीका कारण विस्थापितहरूलाई राहतका लागि राजधानीको रातोपुलमा रहेको स्यान्को कट्टी रोल प्रा.लि.ले १९ हजार ९ सय ९९ रुपैयाँ प्रधानमन्त्री दैवीप्रकोप राहत कोषमा योगदान गरेको छ ।

सञ्चालक विक्रम साहले रसुवा, नुवाकोटलगायतका जिल्लामा निम्तिएको ठुलो विपत्तिले अकल्पनीय मानवीय क्षति पुगेको अवस्थामा राहत तथा पुनर्स्थापनाको काममा सरकारको एक्लो प्रयासले नपुग्ने देखिएकाले नागरिकस्तरबाट सहयोग पुऱ्याउन शनिबारको पूरै बिक्री रकम प्रधानमन्त्री राहत उद्धार कोषमा जम्मा गरेको बताए । उनले ७० भन्दा बढी कट्टी रोल र चिसो पेय पदार्थको बिक्रीबाट उक्त रकम संकलन भएको बताए । पावर सपोर्ट इम्प्लोइमेन्ट प्रा.लि. नामक वैदेशिक रोजगार कम्पनीसमेत सञ्चालन गरिरहेका साहले म्यानपावर कम्पनीतर्फबाट उक्त कोषमा सहयोग गरिसकेको बताए ।

कट्टी रोलका लागि प्रसिद्ध स्यान्कोले विभिन्न स्वादमा परिकार उपलब्ध गराउँदै आएको छ । शनिबार बिहान १० बजेदेखि राति १० बजेसम्म सेवा सञ्चालन गरिएको सञ्चालक साहले जानकारी दिए ।

तामाको किनमेल

*दाङको घोराही उपमहानगरपालिका-१८ स्थित पहाडी गाउँ घोरदौराबाट आइतबार बिहान बिक्रीका लागि ल्याइएको तामा । तरकारी तथा अचारका रूपमा प्रयोग गरिने तामा प्रतिगोटा १ सय रुपैयाँमा किनबेच हुने गरेको छ । **तस्बिर** : कुलदीप न्यौपाने/रासस*

‘भोटेकोशी बाढीलाई अध्ययन र पुनर्निर्माणको ‘मोडल केस’ बनाऔं’

मध्यान्ह संवाददाता
काठमाडौं,२१ भदौ

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका पूर्वप्रमुख कार्यकारी अधिकृत (सिइओ) सुशील ज्ञवालीले भोटोकोशी बाढीलाई नेपालले विपद् अध्ययन र पुनर्निर्माणको ‘मोडल केस’ बनाउनुपर्ने बताएका छन् । नेपाल भौगर्भिक समाजले आयोजना गरेको रसुवा बाढीसम्बन्धी कार्यशालामा उनले रसुवा बाढीलाई जलवायु परिवर्तनजन्य विपद्को रूपमा अध्ययन गरेर यसलाई प्रमाणित गर्नुपर्ने बताए । उनले त्रिशूली नदी क्षेत्रमा भएको विपद्लाई वैज्ञानिक अध्ययन र पुनर्स्थापनाको दृष्टिले महत्त्वपूर्ण ‘केस’का रूपमा विकास गर्न सकिने बताए । वैज्ञानिक प्रमाण संकलन, प्रभावित बस्तीको पुनर्स्थापना, नदी बेसिनको समग्र योजना, जलविद्युत् आयोजनाको डिजाइन तथा त्यससँग सम्बन्धित पूर्वाधार विकासका लागि त्रिशूली क्षेत्र महत्त्वपूर्ण अध्ययनस्थल बन्न सक्छ । हिमाली तथा पर्वतीय मुलुकहरूमा जलवायु परिवर्तन र विपद्का प्रभाव बढिरहेको उनको भनाइ छ । यसबाट जोगिन तथा पूर्वतयारी गर्न नेपालले अन्तर्राष्ट्रिय स्तरमै नेतृत्व लिनुपर्ने तथा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु परिवर्तनले नेपालले भोगेको समस्या बलियो रूपमा राख्नुपर्नेमा जोड दिए ।

हिमालयन क्षेत्रमा देखिएका विपद्का प्रभावको अध्ययन, सूचना आदानप्रदान र पूर्वतयारीका लागि चीन, भारतलगायतका मुलुक तथा नेपालका सम्बन्धित संस्थाबीच समन्वय आवश्यक रहेको उनको भनाइ छ । उनले भने, ‘त्रिशूली नदी र वर्तमान डिजास्टरको अवस्थालाई एउटा महत्त्वपूर्ण केसका रूपमा लिएर अगाडि बढ्न जरुरी छ । हाम्रो केस इस्ट्याब्लिस गर्न, वैज्ञानिक प्रमाणलाई प्रमाणित गर्न, त्यसपछि रिसेटलमेन्टको प्लानिङ गर्न र रिभर बेसिनको समग्र योजना बनाउन पनि यो महत्त्वपूर्ण आधार बन्न सक्छ ।’

चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका क्रममा नेपाल र चीनबीच विपद्का क्षेत्रमा सूचना आदानप्रदान, विपद् पूर्वतयारी तथा हिमाली क्षेत्रमा रहेका बस्तीको पुनर्स्थापनालगायत विषयमा सहकार्य गर्ने सहमति भएको थियो । तर, त्यसलाई निरन्तरता दिने र कार्यान्वयनमा लैजाने विषयमा नेपालबाट पर्याप्त पहल हुन नसकेको ज्ञवालीको भनाइ छ ।

जलविद्युत् आयोजनाका हकमा पनि विद्यमान डिजाइनको समग्र पुनरावलोकन गर्नुपर्ने अवस्था आएको भन्दै आयोजनाको डिजाइन पुनरावलोकन गर्दा प्राविधिक पक्षसँगै आर्थिक तथा वित्तीय जोखिम र आयोजनाको समग्र जीवनचक्र लागतलाई समेत विश्लेषण गर्नुपर्ने जोड दिए ।

स्वरोजगार लघुवित्त र विन नेपाल लघुवित्तको एकीकृत कारोबार सुरु

काठमाडौं/मस– स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्तिगरी स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडबाट एकीकृत वित्तीय कारोबार सुरु गरेको छ । काठमाडौंमा आयोजित एक समारोहका बीच स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडका अध्यक्ष ज्ञानेन्द्रप्रसाद पाण्डे तथा विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडका कार्यवाहक अध्यक्ष कुमारराज जोशीले संयुक्त रूपमा उक्त एकीकृत कारोबारको शुभारम्भ गरेका हुन् । एकीकृत कारोबारसँगै संस्थाको शाखा सञ्जाल, सदस्य संख्या, कर्जा तथा बचत कारोबारलाई एउटै संस्थामार्फत सञ्चालन गरिनेछ । यसबाट संस्थाको वित्तीय क्षमता तथा सञ्चालन दक्षता थप मजबुत हुने अपेक्षा गरिएको छ । एकीकृत कारोबार अघि स्वरोजगार लघुवित्तको चुक्ता पुँजी करिब ८९ करोड ५६ लाख रुपैयाँ र विन नेपाल लघुवित्तको चुक्ता पुँजी करिब ८ करोड ४३ लाख रुपैयाँ रहेको थियो भने दुवै संस्थाको एकीकरणपछि चुक्ता पुँजी करिब ९७ करोड ९९ लाख रुपैयाँ पुगेको छ ।

त्यस्तै, एकीकृत कारोबारपछि कुल शाखा संख्या ११२, सक्रिय सदस्य संख्या १ लाख ३२ हजारभन्दा बढी तथा कर्मचारी संख्या करिब ६१९ पुगेको संस्थाले जनाएको छ । साथै, एकीकृत संस्थाको कुल कर्जा लगानी करिब ११ अर्ब ७१ करोड रुपैयाँ र कुल बचत करिब ५ अर्ब ८८ करोड रुपैयाँ पुगेको छ ।

लघुवित्त क्षेत्रमा बढ्दो प्रतिस्पर्धाबीच दुई संस्थाको एकीकरणले संस्थाको पुँजीगत आधार, पहुँच र सञ्चालन क्षमता विस्तार गर्नुका साथै ग्रामीण तथा विपन्न वर्गमा वित्तीय सेवा थप प्रभावकारी रूपमा पुऱ्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । एकीकृत कारोबार शुभारम्भसँगै स्वरोजगार लघुवित्तले थप सबल वित्तीय संस्थाका रूपमा अघि बढ्दै आफ्ना सदस्य तथा सेवाग्राहीलाई गुणस्तरीय, सहज र पहुँचयोग्य वित्तीय सेवा प्रदान गर्ने लक्ष्य लिएको छ ।

प्रधानमन्त्री राहत कोषमा १ करोड ५ लाख ९१ हजार सहयोग

काठमाडौं/मस– बाढी तथा विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि सोनापुर आयल एन्ड मिनरल लिमिटेड (सोना सिमेन्ट)ले ५१ लाख रुपैयाँ कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रधानमन्त्री राहत कोषमा उक्त रकम प्रदान गरी सरकारसँग काँधमा काँध मिलाउने सानो प्रयास गरेको हो । त्यसैगरी, कम्पनीमा कार्यरत कर्मचारीले आफ्नो एक दिनको तलब बराबर ४ लाख ९१ हजार रुपैयाँसमेत राहत कोषमा सहयोग गरेका छन् । सोनापुर आयल एन्ड मिनरल लिमिटेडका म्यानेजिङ डाइरेक्टर निपेश तायललगायत प्रतिनिधिले संयुक्त रूपमा उक्त सहयोग रकम अर्थमन्त्री डा.स्वर्णिम वाग्लेलाई उनकै कार्यालयमा हस्तान्तरण गरेका हुन् ।

यसैबीच, शुभम् हेल्थ केयर प्रोडकस् प्रा.लि.का डाइरेक्टर समेत रहेका निपेश तायल यस कम्पनिबाट पनि ५० लाख रुपैयाँ प्रधानमन्त्री राहत कोषमा सहयोग गरेका छन् ।

सोनापुर आयल एन्ड मिनरल लिमिटेडको ५१ लाख, कर्मचारीको ४ लाख ९१ हजार तथा शुभम् हेल्थ केयर प्रोडकस् प्रा.लि.बाट ५० लाख रुपैयाँ गरी कुल १ करोड ५ लाख ९१ हजार रुपैयाँ प्रधानमन्त्री राहत कोषमा सहयोग भएको हो । बाढी, पहिरोलगायतका प्राकृतिक विपद्बाट प्रभावित नागरिकलाई तत्काल राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको कम्पनीले जनाएको छ ।

पुँजी बजारलाई उत्पादन, रोजगारी र आर्थिक वृद्धिको आधार बनाउनुपर्छ : अध्यक्ष अग्रवाल

काठमाडौं/मस- नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले नेपालको पुँजी बजारलाई केवल सेयर किनबेच र धितोपत्र कारोबारको माध्यममा सीमित नराखी उत्पादन, रोजगारी विस्तार र दीर्घकालीन आर्थिक वृद्धिका लागि पुँजी परिचालन गर्ने प्रभावकारी माध्यमका रूपमा विकास गर्नुपर्ने बताएका छन् । नेपाल पुँजी बजार संवाद-२०२६लाई सम्बोधन गर्दै अध्यक्ष अग्रवालले नेपालको अर्थतन्त्रलाई बैंकमा आधारित वित्तीय प्रणालीबाट क्रमशः बजारमा आधारित वित्तीय प्रणालीतर्फ रूपान्तरण गर्न आवश्यक रहेको बताए ।

उनले निजी क्षेत्रलाई उत्पादन र रोजगारी विस्तारका लागि आवश्यक दीर्घकालीन वित्तीय स्रोत सहज रूपमा उपलब्ध गराउन नसकेसम्म पुँजी बजारले नेपालको आर्थिक रूपान्तरणमा अपेक्षित भूमिका निर्वाह गर्न नसक्ने धारणा राखे । अध्यक्ष अग्रवालले विगतमा दूरदर्शी नीति तथा स्पष्ट नियामकीय व्यवस्थाको अभावका कारण नेपालको सेयर बजारमा अनुमानमा आधारित कारोबार बढेको उल्लेख गर्दै बजारलाई वास्तविक अर्थतन्त्रसँग जोड्नुपर्ने आवश्यकता औंल्याए ।

‘पुँजी बजारलाई केवल सेयर र धितोपत्र कारोबारको माध्यम मात्र नभई उत्पादन, पूर्वाधार, रोजगारी र आर्थिक वृद्धिका लागि दीर्घकालीन पुँजी परिचालन गर्ने प्रमुख माध्यमका रूपमा विकास गर्नुपर्छ,’ उनले भने ।

उनले बजारमा नयाँ तथा गुणस्तरीय कम्पनीहरूको सार्वजनिक सेयर निष्कासन आवश्यक रहेको बताउँदै कम्पनी सानो वा मध्यम आकारको भएकै कारण पुँजी बजारमा प्रवेशबाट वञ्चित गर्न नहुने बताए । उचित योग्यता, आवश्यक जानकारी सार्वजनिक गर्ने व्यवस्था, लेखापरीक्षण र संस्थागत सुशासनका मापदण्डका आधारमा योग्य कम्पनीलाई बजारमा सहज प्रवेशको वातावरण बनाउनुपर्ने उनको भनाइ थियो । नेपालको पुँजी बजारमा सीमित कम्पनी र सीमित क्षेत्रको मात्र प्रभुत्व रहँदा बजारको विस्तार र विविधीकरण प्रभावित भएको उल्लेख गर्दै उनले कृषि, उद्योग, पर्यटन, प्रविधि, पूर्वाधार तथा अन्य उत्पादनशील क्षेत्रका कम्पनीलाई पुँजी बजारमा आकर्षित गर्नुपर्ने बताए । अध्यक्ष अग्रवालले गैरआवासीय नेपालीलाई नेपालको पुँजी बजारमा सहज रूपमा सहभागी गराउन स्पष्ट, सरल र डिजिटल व्यवस्था आवश्यक रहेको बताए । लगानी रकम भित्र्याउने, बैंक तथा विद्युतीय सेयर खाता खोल्ने, कर प्रक्रिया पूरा गर्ने र वैधानिक रूपमा प्राप्त प्रतिफल विदेश लैजाने विषयमा स्पष्ट नीति आवश्यक रहेको उनको भनाइ थियो । उनले पुँजी बजारको विकासका लागि नीतिगत स्थिरता र नियामक निकायबीचको प्रभावकारी समन्वय सबैभन्दा महत्त्वपूर्ण रहेको बताए । नीति, निर्देशन र कार्यविधिमा अप्रत्याशित परिवर्तन हुँदा लगानीकर्ताको विश्वास कमजोर हुने र बजारमा अनावश्यक अन्योल सिर्जना हुने उनको भनाइ थियो । महत्त्वपूर्ण नीतिगत परिवर्तन गर्नुअघि सरोकारवालासँग पर्याप्त परामर्श गर्नुपर्ने, परिवर्तनका लागि स्पष्ट समय उपलब्ध गराउनुपर्ने तथा बजारको अल्पकालीन उतारचढावका आधारमा तत्काल नियम परिवर्तन गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने अध्यक्ष अग्रवालले बताए ।अग्रवालले लगानीकर्ताको विश्वास कायम गर्न प्रभावकारी निगरानी, पारदर्शिता र आवश्यक सुरक्षा व्यवस्था सुदृढ बनाउनुपर्नेमा जोड दिए । उनले सम्पत्ति शुद्धीकरण नियन्त्रणका लागि आवश्यक कानुनी व्यवस्था प्रभावकारी बनाउनुपर्ने भए पनि सम्पूर्ण वैधानिक लगानी गतिविधिलाई शंकाको दृष्टिले हेर्न नहुने बताए । उनले नेपालको पुँजी बजारमा आधुनिक वित्तीय उपकरणको विकास आवश्यक रहेको बताउँदै सेयर उधारो दिने र लिने व्यवस्था तथा बजारमा खरिदबिक्रीलाई व्यवस्थित र सहज बनाउने आधुनिक प्रणाली चरणबद्ध रूपमा लागू गर्नुपर्ने बताए । ‘नेपालको पुँजी बजारमा सम्भावनाको कमी छैन । आवश्यकता सही नीति, विश्वसनीय कार्यान्वयन र समन्वित सुधारको हो,’ अध्यक्ष अग्रवालले भने ।

उनले नेपालको आर्थिक रूपान्तरणका लागि बैंकिङ क्षेत्रसँगै बलियो, विश्वसनीय र पारदर्शी पुँजी बजारको विकास अपरिहार्य रहेको उल्लेख गर्दै निजी क्षेत्र, सरकार र नियामक निकायबीचको सहकार्यबाट मात्र पुँजी बजारलाई राष्ट्रिय आर्थिक विकासको प्रभावकारी आधार बनाउन सकिने बताए ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१-५३२६३६६, ०१-५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**